त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत

नेपाली विषयको स्नातकोत्तर तह (एम.ए.) दोस्रो

वर्ष दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत

# खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन, अध्ययन र वर्गीकरण

प्रस्तोता

पुष्पलाल राई

त्रि.वि. दर्ता नं. : ९-२-२७८-११३०-२००६

सिम्बोल नं. : २८०२६५/०७०

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

२०७२

# कृतज्ञता ज्ञापन

प्रस्तुत अध्ययन खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथामा आधारित भई सङ्कलन गरिएको लोककथाको अध्ययन हो । हाम्रो समाजमा लोक जीवनको उत्पत्तिसँगै लोककथाको उत्पत्ति भएको पाइन्छ । जसले लोक जीवनलाई श्रुतिमाधुर्य प्रदान गरी मानसिक स्फुर्ति दिन्छ । यहि हेतुले विभिन्न समुदाय र विभिन्न भाषा भाषिकाका मानिसहरूले आफ्नो लोक समाजमा चलेका, ऋतिपरम्परामा बाचेका लोककथाको लेखा र विश्लेषण गरेको पाइन्छ । जसले पुर्खाको धरोहरको रुपमा रहेका सम्पत्तिको संरक्षण र प्रवर्द्धन गरेको छ । यस प्रकार अध्ययनले भोलिका भावी पिडीलाई सो सम्बन्धी अध्ययन, अनुसन्धान गर्न टेवा पुऱ्याउँछ । यहि भावनालाई मनन् गरी मैले पनि लोक विधामा रुची लिई खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाको सङ्कलन र विश्लेषण गर्ने जमर्को गरेको छु । हुन त लोककथाको अध्ययन खोटाङ जिल्लामा नभएको भने चाहीँ नभएको होइन तर कुनै निर्दिष्ट स्थानमा र त्यस समयमा प्रचलित विशिष्ट कथाको अध्ययन र त्यसको सैद्धान्तिक विश्लेषण भने सम्भवत : यो पहिलो हो भन्ने लाग्छ । यस प्रकार एक खास क्षेत्रमा रहेको विशिष्ट लोककथाको अध्ययनले भोलिका पुस्ताहरूलाई यस क्षेत्रको लोककथाको अध्ययन र विश्लेषणमा अवस्य टेवा पुऱ्याउने छ भन्ने विश्वास लिएको छु ।

यस अध्ययन तथा विश्लेषणका लागि आफुसँग रहेको बौद्धिक सम्पत्तिको रुपमा रहेको लोककथा कुनै झर्को नमानी उपलब्ध गराइदिनु भएका मेरा आदरणिय लोककथाका सुचकज्यूहरू पहिलो धन्यवादका पात्र हुनुहुन्छ । त्यसैगरी सङ्कलित लोककथाहरूको विश्लेषण गर्दा देखा परेका कमी कमजोरीलाई औंल्याई सहि विश्लेषणको मार्ग देखाउने र अध्ययनका लागि प्रोरणा दिनुहुने मेरा आदरणिय गुरु नारायण प्रसाद गड्तौलाप्रति सादर धन्यवाद टक्र्याउन चाहन्छु । त्यसैगरी त्रि.वि. एवम्, त्रि.वि. नेपाली केन्द्रिय विभागप्रति पनि कृतज्ञता प्रकट गर्दछु । आफ्नो श्रम र सीप उपलब्ध गराई यस अध्ययनलाई लिपिबद्ध छपाइ गरी दिनुहुने कम्प्युटर सेटिङ्गका साथीहरूलाई पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

पुष्पलाल राई

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| सं | | |
| **अध्याय एक : शोध परिचय** | | **१–६** |
| १.१ | विषय परिचय | १ |
| १.२ | समस्या कथन | १ |
| १.३ | शोधकार्यको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.५ | शोधकार्यको औचित्य र महत्त्व | ४ |
| १.६ | शोध अध्ययनका सीमाहरू | ५ |
| १.७ | शोधविधि | ५ |
| १.८ | सामग्री सङ्कलन विधि | ५ |
| १.९ | शेधकार्यको सम्भाव्य रूपरेखा | ५ |
| **अध्याय दुई : लोकसाहित्यको परिचय** | | **७–१३** |
| २.१ | विषय परिचय | ७ |
| २.२ | लोककथाको परिचय | ८ |
| २.३ | लोककथाको परिभाषा | ९ |
| २.४ | लोककथाका तत्त्वहरू | १० |
| | २.४.१ कथानक | १० |
| | २.४.२ चरित्र | १० |
| | २.४.३ परिवेश | १० |
| | २.४.४ भाषाशैली | १० |
| | २.४.५ उद्देश्य | ११ |
| २.५ | लोककथाका प्रकारहरू | ११ |
| २.६ | निष्कर्ष | १३ |

**अध्याय तीन : खोटाङ जिल्लाको संक्षिप्त परिचय** **१४–४४**

३.१ विषय परिचय १४

३.२ खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रको परिचय १५

३.३ खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन १६

३.३.१ सोझो चारेको कथा १६

३.३.२ "हुङ्गीया काठको डुङ्गीया मनचिन्ते काठको बहना" १९

३.३.३ सुगा र मैनाको कथा २२

३.३.४ विक्रमजित राजाको कथा २७

३.३.५ नल दमयन्तीको कथा ३०

३.३.६ भूतको कथा ३३

३.३.७ पाँच पाण्डवको स्वर्गारोहण ३६

३.३.८ रैछाकुलेको कथा ३९

३.३.९ राजा र जुरेलीको कथा ४३

**अध्याय चार : खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाहरूको अध्ययन** **४५–५०**

४.१ विषय परिचय ४५

४.२ कथा तत्त्वको आधारमा अध्ययन ४५

४.२.१ कथानक ४६

४.२.२ चरित्र ४७

४.२.३ परिवेश ४८

४.२.४ भाषाशैली ४९

४.२.५ उद्देश्य ५०

**अध्याय पाँच : खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाहरूको वर्गीकरण र विश्लेषण** **५१–५४**

५.१ विषय परिचय ५१

५.१.१ सामाजिक लोककथाको आधारमा वर्गीकरण र विश्लेषण ५२

५.१.२ साहसिक एवम् बहादुरीका आधारमा वर्गीकरण र विश्लेषण ५२

५.१.३ पशुपंक्षीका आधारमा लोककथाको वर्गीकरण र विश्लेषण ५२

५.१.४ किम्बदन्तीमूलक लोककथाको आधारमा वर्गीकरण र विश्लेषण ५२

५.१.५ प्रेमपरक लोककथाका आधारमा वर्गीकरण र विश्लेषण ५३

५.१.६ भूतप्रेतको लोककथाका आधारमा वर्गीकरण र विश्लेषण ५३

५.१.७ पौराणिक एवम् धार्मिक लोककथाको आधारमा वर्गीकरण र विश्लेषण ५३

५.१.८ अलौकि र अद्भूत चरित्रका आधारमा वर्गीकरण र विश्लेषण ५४

५.१.९ मानव र पशुपंक्षी सम्मिलित लोककथाका आधारमा वर्गीकरण र विश्लेषण ५४

**अध्याय छ : निष्कर्ष** **५५–५६**

**सन्दर्भग्रन्थ सूची**

# अध्याय एक

# शोध परिचय

## १.१० विषय परिचय

लोकसाहित्य अपठित, आदिम मानिसहरूको सहज र स्वाभाविक उत्पन्न हुने मानवीय भाव हो । जो मानव सभ्यतासँगै हुर्कदै आजसम्म आइपुगेको छ । लोकसाहित्य र मानवविच परापूर्वकाल देखि नै आत्मीक सम्बन्ध रहेझै लाग्छ, किनभने लोकसाहित्य अति अविस्मरणीय बनेर हाम्रो हृदयमा बसेको हुन्छ । जसलाई भन्न थाल्ने वित्तिकै धारा प्रवाह रूपमा आइहाल्छ । जसलाई घोकेर कण्ठ पार्नु नपर्ने, लेखेर राख्न पनि नपर्ने तथा एक पटक सुनेपछि हाम्रो मन मस्तिष्कमा गहिरिएर बस्ने गर्दछ ।

लोकसाहित्यको विभिन्न विधाहरूमध्ये लोककथाले विशेषत : मानव स्वभावलाई नीतिवान बनाउँदै नैतिक शिक्षाको माध्यमबाट आदर्श र चरित्रवान् जीवनका लागि सचेत बनाउने काम गर्दछ ।

परापूर्व कालदेखि नै आख्यान, सूत्रहरूबाट कथाको प्रारम्भ भई लौकिक, संस्कृत युग हुँदै आजको उत्तर आधुनिक युगसम्म आइपुगेको छ । पञ्चतन्त्रका कथाहरू, हितोपदेशका कथाहरू अझै पनि मानव हृदयमा ढुकढुकी बनेर बसिरहेका छन् । पहिले-पहिले हाम्रा गाउँघर तिर गोठ बस्दा रातको समयमा मकै सऱ्याउँदा यस्ता लोककथाहरू भन्ने र सुन्ने परम्परा थियो भने माओवादी जनयुद्ध सुरु भएपछि रातमा गोठ बस्ने र रातमा अबेरसम्म काम गर्दै कथा सुन्ने र सुनाउने प्रचलन लोप भएर गयो । त्यसैले यस शोध अध्ययनमा खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा लोप हुन लागेका ती कथाहरूको सङ्कलन, अध्ययन र वर्गीकरण गरिएको छ ।

## १.११ समस्या कथन

लोककथाका मूल्यका दृष्टिले प्रस्तावित शोध अध्ययनका निम्न समस्याहरूमा केन्द्रित रहेको छ :

क) खोटाङ जिल्लाको दिक्तेल नगर क्षेत्रमा लोककथाहरू के-कति प्रकारका छन् ?

ख) खोटाङ जिल्लाको दिक्तेल नगर क्षेत्रमा के कस्ता लोककथा पाइन्छ ?

ग) लोक कथात्मक मूल्यका दृष्टिले दिक्तेल नगर क्षेत्रका लोककथाहरु के कस्ता छन् ?

## १.१२ शोधकार्यको उद्देश्य

उपर्युक्त  समस्याहरू समाधान गर्न निम्न उद्देश्यहरू अवलम्बन गरिएको छ :

क) दिक्तेल नगर क्षेत्रका लोक कथाको सङ्कलन र वर्गीकरण गर्नु ।

ख) सैद्धान्तिक आधारमा सङ्कलित लोककथाको अध्ययन गर्नु ।

ग) लोककथाका ज्ञाताहरूबाट श्रवण गरी लोककथाको सङ्कलन गर्नु ।

## १.१३ पूर्वकार्यको समीक्षा

प्रस्तावित अनुसन्धानका लागि प्रस्तुत गरिएको शोध अध्ययन प्रस्ताव खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन, अध्ययन र वर्गीकरण शीर्षकमा यसभन्दा पूर्व के-कति अध्ययन भएका छन् भनि तिनीहरूको समीक्षात्मक टिप्पणी गर्ने काम पूर्वकार्यको समीक्षा अन्तर्गत पर्दछ । पूर्वकार्यको समीक्षा गर्दा नयाँ शोधार्थीलाई, अध्ययनकर्तालाई नौलो पथ निर्माण गर्न सजिलो पर्न जान्छ । यस अनुसन्धानका क्रममा सामग्री सङ्कलन, सत्यापन, वर्गीकरण, विश्लेषण तथा निष्कर्षहरूको निरूपण गरी प्रतिवेदन प्रस्तुत गर्ने तहसम्मका सम्पूर्ण चरणहरूमा पूर्वकार्यको समीक्षा अति नै महत्त्वपूर्ण रहन्छ ।

लोकसाहित्य अन्तर्गत लोककथाको अध्ययन र अन्वेषण गर्ने क्रममा विभिन्न पत्रपत्रिकाहरूको पनि योगदान रहेको छ । शारदा, हिमानी, रूपरेखा, गोरखापत्र, गरिमा र मधुपर्क जस्ता साहित्यिक पत्रिकाहरूले लोककथा प्रकाशन गरेर यसको विकासमा थप योगदान पुऱ्याएका पाइन्छन् । यी बाहेकका पूर्वकार्यको समीक्षाको रूपमा निम्नानुसार चर्चा गरिन्छ ।

१. तुलसी दिवसले "नेपाली लोककथा" (२०३२) नामक पुस्तकमा लोककथाको सिद्धान्त सहित अधिराज्यव्यापी लोककथा सङ्कलन गरेका छन्, तर यसमा नेपालमा प्रचलित विभिन्न लोककथाहरूको सङ्कलन गरिएपनि र सैद्धान्तिक विमर्श गरिए पनि यसमा लोककथाको विश्लेषण पक्षको अभाव देखिन्छ ।

२. तुलसी दिवसको नेपाली “लोककथा केही अध्ययन” (२०३३) नामक पुस्तकमा लोक कथाको वर्गीकरण र चर्चा गरिएको छ तर यसमा विश्लेषण पक्षको अभाव देखिन्छ ।

३. धर्मराज थापा र हंसपुरे सुवेदीले नेपाली “लोकसाहित्यको विवेचना” (२०४१) नामक पुस्तकमा लोककथाबारे चर्चा गरिए पनि यसमा लोककथाको विश्लेषण पक्षको अभाव देखिन्छ ।

४. जीवेन्द्रदेव गिरीले “लोकसाहित्यको अवलोकन” (२०५७) नामक पुस्तकमा लोककथाको सामान्य चर्चा गरेका छन् । यसमा नेपालमा प्रचलित विभिन्न लोककथाहरूको सङ्कलन र विश्लेषण पक्ष अभाव देखिएको छ ।

५. जीवेन्द्रदेव गिरीले नेपाली लोककथाका “सबल नारी चरित्रको अध्ययन” (२०६५) नामक अनुसन्धान कार्यमा नेपाली लोककथाको सवल नारी चरित्रहरूको अध्ययन गरिएको छ ।

६. चुडामणि बन्धुले “नेपाली लोकसाहित्य” (२०५८) नामक पुस्तकमा लोककथा बारेमा चर्चा गरेका छन् र केही लोक कथाहरू पनि सङ्कलन गरिएता पनि यसमा विश्लेषण पक्षको अभाव देखिन्छ ।

७. महादेव अवस्थी “मेरो गाउँको कथा” (२०६०) नामक पुस्तकमा कथाहरू समेटिए पनि विश्लेषण पक्ष कमजोर देखिएको छ ।

८. मोहनराज शर्मा र खगेन्द्रराज लुइटेलले “लोकवार्ता विज्ञान र लोकसाहित्य” (२०६३) नामक पुस्तकमा केही लोककथाको सङ्कलन गरिए पनि र सैद्धान्तिक विमर्श गरिए पनि यसमा लोककथाको विश्लेषण पक्षको अभाव देखिन्छ ।

९. केशव सुवेदीको “नेपाली लोकसाहित्यको अध्ययन परम्परा” (२०५५) नामक विशेष अनुसन्धान (ने.सं.वि. २०५५) मा नेपाली लोककथाको चर्चा गरिएको छ । यसमा लोककथाको विश्लेषण पक्षको अभाव देखिन्छ ।

१०. माधवप्रसाद सापकोटाले “लोकसाहित्यको परिचय र लोकसाहित्यको समाजशास्त्रीय अध्ययन” (२०६६) नामक पुस्तकमा नेपाली लोककथाको सैद्धान्तिक चर्चा गर्नुका साथै लोककथाको समाजशास्त्रीय अध्ययन गरेका छन् ।

११. मोतीलाल पराजुलीले नेपाली लोककथामा अभिप्रायको अध्ययन (विद्यावारिधि शोधप्रबन्ध त्रि.वि. २०५४) मा नेपाली लोककथाका अभिप्रायको गहन अध्ययन गरिएको छ ।

१२. शम्भुप्रसाद कोइरालाले "लोकसाहित्य सिद्धान्त र विश्लेषण" (२०५५) नामक पुस्तकमा लोककथाका सम्बन्धमा संक्षिप्त रूपमा चर्चा गरेका छन् । तर यस सम्बन्धमा विशेष अध्ययन भने गरिएको छैन ।

उपरोक्त पुस्तककृति बाहेक स्नातकोत्तर एवम् विद्यावारिधि तहमा भएका शोधपत्रहरू, विभिन्न लेख रचनाहरू र पत्र पत्रिकाहरूमा नेपाली लोककथाहरूको सङ्कलन अध्ययन एवम् विश्लेषण गरिएको छ । ती सङ्कलनहरूमा पनि खोटाङ जिल्लाको दिक्तेल नगर क्षेत्रमा प्रचलित लोककथाहरूको विस्तृत विश्लेषण भएको पाइँदैन, त्यसैले यस शोधकार्यमा विस्तृत अध्ययन एवम् विश्लेषण गरिएको छ ।

## १.१४ शोधकार्यको औचित्य र महत्त्व

आजको एक्काइसौं शताब्दीमा आधुनिक तथा उत्तर आधुनिक साहित्यिक कथाहरूले नेपाली लोककथालाई ओझेलमा पारेको छ । देशमा आएको राजनैतिक खिचातानिले सामाजिक जीवनमा ठुलो छलाङ मारेको छ । जसका कारण हाम्रा गाउँघरतिर राति गोठ बस्ने राति अबेरसम्म घरमा काम गर्दै छोराछोरी तथा नाति नातिनीहरूलाई कथा भन्ने र सुन्ने चलन हराउँदै जाँदा लोककथाको जीवन पनि छोटिदै गएको छ । यस्तो अवस्थामा रहेका तिनै लोककथाहरूलाई यस अध्ययनले सञ्जिवनीको काम गरी पुन : जीवन प्रदान गर्न यस अध्ययनको प्रमुख औचित्य रहने छ ।

यस अध्ययनले खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन अध्ययन गरी लोप हुन लागेका लोककथाहरूलाई बचाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुका साथै लोककथाको क्षेत्रमा कार्यरत अध्येता एवम् पश्चवर्ती अध्ययनकर्ताहरूलाई महत्त्वपूर्ण सामग्री बन्नु यसको महत्त्व रहने छ ।

### १.१५ शोध अध्ययनका सीमाहरू

नेपाल अधिराज्यको पूर्वाञ्चल विकासक्षेत्रको सगरमाथा अञ्चलमा पर्ने खोटाङ जिल्लाको जिल्ला सदरमुकाम दिक्तेल नगरपालिका यस शोध अध्ययनको मुख्य क्षेत्र हो ।

जिल्लाको सम्पूर्ण गाउँ विकास समितिलाई समेटेर अध्ययन गर्दा व्यापक हुन गई अध्ययनकर्ताको पहुँचभन्दा बाहिर जाने र अध्ययनकार्य फितलो हुन सक्ने भएकाले खोटाङ जिल्लाको दिक्तेल नगरपालिका क्षेत्रमा प्रचलित लोक कथाहरूको सङ्कलन, अध्ययन र वर्गीकरण गर्नु प्रस्तावित अध्ययनको सीमा रहने छ ।

### १.१६ शोधविधि

यस शोध पत्रमा सामग्रीको रूपमा सङ्कलित लोककथाहरूको अध्ययन, विश्लेषण गर्नुपर्ने भएकाले विश्लेषणात्मक शोधविधि अपनाइने छ ।

### १.१७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य तयार गर्नका लागि सामग्री सङ्कलनमा स्रोत साधन विभिन्न व्यक्तिहरू र पुस्तकहरू हुने हुँदा तत् तत् समयमा यससँग सम्बद्ध व्यक्तिहरूसँगको मौखिक अन्तर्वार्ताका साथै पुस्तकालयीय विधि अँगालिनेछ ।

### १.१८ शेधकार्यको सम्भाव्य रूपरेखा

अध्याय एक - शोध परिचय

अध्याय दुई - लोक साहित्यको परिचय
- लोककथाको परिचय
- लोककथाको परिभाषा
- लोककथाको तत्त्वहरू
- लोककथाका प्रकारहरू

अध्याय तीन - खोटाङ जिल्लाको संक्षिप्त परिचय
- खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रको परिचय
- खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन

अध्याय चार - खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाहरूको अध्ययन

- कथातत्त्वको आधारमा अध्ययन

अध्याय पाँच - खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा सङ्कलित लोककथाहरूको वर्गीकरण र विश्लेषण

अध्याय छ - निष्कर्ष

सन्दर्भग्रन्थ सूची

# अध्याय दुई

# लोकसाहित्यको परिचय

## २.७ विषय परिचय

लोक साहित्य मानव सभ्यताको इतिहासमा स्वत : स्फूर्त रूपमा जन्मने मानवीय भाव हो; जो मानव सभ्यतासँगै हुर्कदै आजसम्म आइपुगेको छ । लोकसाहित्य लोक र साहित्य दुई स्वतन्त्र अर्थ बोकेका शब्दहरूको योगबाट लोकसाहित्य शब्दको व्युत्पत्ति भएको हो । लोकको अर्थ साधारण अपठित आदिम समुदाय र साहित्य शब्दले जनहितका लागि कल्याणकारी भावना बुझाउँछ । सामान्य रूपमा जनसमुदायको मौखिक अभिव्यक्तिको रूपमा लोकसाहित्यलाई लिन सकिन्छ । लोक साहित्य मानव जीवनको पीर, व्यथा र दुखेसोहरूलाई व्यक्त गर्ने एक सशक्त माध्यम हो । यसमा जीवनका यावत, आत्मिक तथा शारीरिक रूपमा भोगिएका कष्ट र ती क्षणहरूलाई मूर्तरूप दिने प्रयास गरिन्छ । तसर्थ लोकसमाजको सबैले सजिलै बुझ्ने र अनुभव गर्न सक्ने भाषा र भावनाबाट निर्मित मानव मुटुको हार्दिक स्पन्दनबाट निस्केको ज्यादै मीठा सुसेलीहको समूह नै लोकसाहित्य हो । अझ भन्नुपर्दा बनपाखा, मेलापात, लेकबेसी तथा गाईवस्तु चराउँदा भावविल भएर हृदयको अन्तर कुन्तरबाट निस्कने सरल र सहज मौखिक अभिव्यक्ति नै लोकसाहित्य हो । जसको रचनाकार अरु कोही नभएर आफै हो ।

लोकसाहित्य शब्दको अर्थ दिने क्रममा “लोकव्यवहारमा प्रचलित साहित्य, लोकवार्ता, लोकभाषा भनेर लोकसाहित्य शब्दको अर्थ दिइएको छ ।” (शर्मा, २०५८ : ११७५)

“संस्कृत वाङ्मयमा लोक शब्दको प्रयोग खासगरी दुई अर्थमा भएको पाइन्छ, त्यो हो स्थानका आधारमा र सामान्य जनताका रूपमा स्थानवाचक शब्द प्रचलित छन् ।” (बन्धु, २०५८ : १३)

राष्ट्रकवि माधव घिमिरे - “सर्छन् भाका अनि एक गलाबाट अर्को गलामा : (दिवस :२०३५ :१३) भनी लोक साहित्यको गतिशिलतालाई उल्लेख गरेका छन् ।

कृष्णदेव उपाध्यायका अनुसार “सभ्यताको प्रभावबाट टाढा रहने, आफ्नो सहजावस्थामा वर्तमानमा जो निरक्षर जनता हो, उसका आशा, निराशा, हर्ष विस्मात, जीवन-मरण्म, लाभ-हानी र

सुःख-दुःखको अभिव्यञ्जना जुन साहित्यमा प्राप्त हुन्छ । त्यसैलाई लोकसाहित्य भनिन्छ ।" (बन्धु : २०५८ :११) ।

समग्रमा भन्नुपर्दा लोकसाहित्य आदिम मानव समुदायको मौखिक रूपमा उत्पादन गरी मौखिक रूपबाटै समाजलाई हस्तान्तरण गरेको अमूल्य सम्पत्ति हो । लोकसाहित्य यसलाई जनसमुदायले सहज रूपमा मौखिक रूपबाटै हृदयमा सङ्कलन गरी पुनः नयाँ पुस्तालाई हस्तान्तरण गर्दछन् । तसर्थ लोकसाहित्य अपठित जनसमुदायको ऐना हो । जहाँबाट अशिक्षित ग्रामीण जनसमुदायको आन्तरिक लोकलाई ठम्याउन सकिन्छ । लोहसाहित्य शास्त्रिय नियमबाट मुक्त र स्वच्छन्द हुन्छ । छन्द र अलङ्कारबाट अलग रहने लोकसाहित्यमा सरल, सहज र ग्राम्य शब्दहरूको संयोजनबाट मिठास र मधुरता थपेको हुन्छ र मानवीय दुःख र पीडा नै लोकसाहित्यको विषयवस्तु हुने गर्दछ ।

## २.८ **लोककथाको परिचय**

लोकसाहित्यको विधागत वर्गीकरण अन्तर्गत पर्ने महत्त्वपूर्ण विधा कथा विधा हो । यो एक आख्यान प्रधान विधा हो । लोककथा विभिन्न घटनाहरूबाट निर्मित हुन्छ । विभिन्न अवसरमा घटित घटनाहरुको नाटकीय ढङ्गबाट चित्रण र वर्णन गरिएको हुन्छ । कहीँ कहीँ गीत र श्लोकहरू मिसाई श्रुतिमधुर पनि बनाइएको हुन्छ । साहित्यिक कथाभन्दा भिन्दै परम्परा र विशेषता बोकेको लोककथामा मानवीय जीवनमा घट्न सक्ने वा नसक्ने दुवै प्रवृत्ति भएकाले यो लोककथा रोचक हुन्छ । लोककथाका लागि वक्ता र श्रोता दुबैको आवश्यकता पर्दछ । यस्ता लोककथाहरू प्रायः काल्पनिक, अतिरञ्जनात्मक र कतै धार्मिक, औपदेशिक प्रकारका हुन्छन् । राक्षस, साक्षसनी, बोक्सी, भूतप्रेत, धामी-झाक्री, जादु-टुना, बाघ-भालु तथा देवीदेवता आदिको समेत समावेश भएका लोककथाहरू ज्यादै रोचक हुन्छन् । लोककथा आदिम मानिसका कल्पनात्मक भावविन्यास हुन जसमा पात्रको रूपमा मानवमात्र नभएर पशुपंक्षी, वनस्पति, प्रकृति आदि आएका हुनछन् । लोककथामा लौकिक-अलौकिक, सम्भव-असम्भव कुनैको सीमा नभई सबैको साधारणीकरणद्वारा रसात्मक अनुभूति प्राप्त हुन्छ । यथार्थ भन्दा बढी कल्पनाको संसारमा पुऱ्याउनु लोककथाको महत्त्वपूर्ण विशेषता हो ।

## २.९ **लोककथाको परिभाषा**

लोककथा भनेको आदिम मानिसहरूबाट कथिएको विभिन्न घटना र पात्रहरूको माध्यमबाट जनमानसलाई नैतिक चरित्रवान् बताउने खुबि भएको आदिम साहित्य नै लोककथा हो । लोककथालाई परिभाषित गर्ने क्रममा नेपाली शब्दसागरमा भनिएको छ ; “कहिले कहिलेदेखि चल्दै वा चलित हुँदै आएको कथा,, जनताको मुखमुखै सुन्न पाइने कथा, दन्तेकथा, नै लोककथा हो” भनेर लोककथा शब्दको अर्थ दिएका छन् । (शर्मा, नेपाल : दो. सं. २०५८ : ११७४)

“लोककथाहरू युगौंदेखि सुन्दै सुनाउँदै आएका कथा हुन् । यी कथामा हाम्रा गाउँघरमा मान्छेहरूका आनीबानी र व्यवहार अनि शिक्षा र उपदेश लुकेका हुन्छन् । यी बोलचालका भाषाका नमुना र मनोरञ्जनका उत्तम साधन पनि हुन् ।” (अवस्थी : २०६० : ३)

“लोककथाको झिल्को टिपेर त्यसमा नयाँ बान्की दिई लेखिएका यी कथाले बालबालिकाहरूलाई मनोरञ्जन दिनुका साथै उनीहरूको आत्मबल बढाउन सघाउ पुऱ्याउलान भन्ने आशा लिएको ।” (पराजुली : २०६२)

“लोककथाले नेपाली जनजीवनमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । समय बिताउन होस्, मनोरञ्जन प्राप्त गर्न होस् तथा उपदेश दिन पनि लोककथाले ग्रामीण जनजीवनमा सघाइरहेका छन् । आजको भौतिक युगमा पनि लोककथाको महत्त्व आफ्नै किसिमले श्रुतिपरम्परामा पनि रहेकै छ ।” (भट्टराई : २०५५ :२१ ख)

“देवीदेवतादेखि अर्धदेवता र त्यसपछि मानव जातिसम्मको रुचिबाट बनेका कथाहरू मौखिक परम्परामा नै कैयौं वर्षसम्म चल्दै आए । यही परम्परामा लोककथाले जनमानसमा व्यापक प्रभाव पऱ्यो मानिसको सामाजिक नैतिक जीवनमा अनुभवाश्रित ज्ञान यस्ता लोककथामा आबद्ध भएको पाइन्छ ।” (श्रेष्ठ र शर्मा : २०५६ :६३)

समग्रमा लोककथा भनेको धेरै पुरानो कथा हो । वेद, पुराण, महाभारतकालीन तथा विभिन्न देवीदेवताको उत्पत्ति तिनीहरूले गरेका कार्यहरू एवम् अतिमानवीय पात्रहरूका दिनानुदिन घटित घटनाहरूको त्यो संगालो हो; जसमा ग्रामीण भाषाहरूले फूलबुट्टा भरिएको र साहित्यको उत्कृष्ट भाषादेखि टाढै रहेको सरल साहित्य हो ।

## २.१० **लोककथाका तत्त्वहरू**

लोककथाहरूमा निम्न बमोजिमका कथाका तत्त्वहरू पाइन्छन् ।

### २.१०.१ **कथानक**

कथामा घटित हुने विभिन्न घटनाहरूको व्यवस्थित योजनालाई कथानक भनिन्छ । कथानकको आधारबाटै कथा अगाडि बढ्दछ । त्यसपछि के होला ? त्यसपछि के होला ? भन्ने कौतुहलताले कथा श्रवणमा रोमाञ्चकता बढ्दछ आधुनिक कथामा जस्तै लोककथामा पनि आरम्भ, विकास र अन्त्यको संरचनामा रचिएको हुन्छ । लोककथा सुखान्त र दुखान्त दुवै प्रकारको हुन्छ ।

### २.१०.२ **चरित्र**

कथामा प्रयुक्त पात्रहरू नै चरित्र हुन् । पात्र बिना कथा बन्न सक्दैन । लोककथामा चरित्रका रूपमा मानव, मानवेत्तर पात्रहरू आएका हुन्छन् । असल, खराब, महिला, पुरुष, बालक वृद्ध, धीर प्रशान्त, धिरोदत्त, अद्‌भूत, भूतप्रेत, चुडैंल, चुड्ल्नी आदि पात्रहरूले कथानकलाई तन्काई रोमान्चकता थपेका हुन्छन् ।

### २.१०.३ **परिवेश**

कथा निर्माणको क्षेत्रलाई यसको परिवेश भनिन्छ । लोककथाको परिवेश यसको महत्त्वपूर्ण तत्त्व मानिन्छ । प्रायः लोककथाको परिवेश पौराणिक र ऐतिहासिक भए तापनि कल्पिय सामाजिक परिवेशमा पनि रचिएको पाइन्छ । ती सामाजिक परिवेश आजको सामाजिक परिवेश भन्दा भिन्न तत्कालीन समय र समाजकै चर्चामा कथा हुर्किएको हुन्छ ।

### २.१०.४ **भाषाशैली**

लोककथाको भाषाशैली सरल, सहज र ठेट प्रकारको हुन्छ । यसमा साहित्यिक भाषाको प्रयोग हुँदैन । सर्वसाधारण मान्छेले बुझ्ने भाषाशैलीका कारण लोककथा ग्रामीण साहित्यको रूपमा रहेको पाइन्छ । शैलीको आधारमा लोककथाहरूमा एकादेशमा वा उहिल्यैबाट लोककथा सुरु भई अन्तमा सुन्नेलाई सुनको माला...... जस्ता वाक्यबाट कथा टुङ्ग्याइएको हुन्छ । यसले कथामा रोचकता थपेको हुन्छ ।

### २.१०.५ उद्देश्य

मनोरञ्जन प्रदान गर्नु नै लोककथाको मूल उद्देश्य हो । तथापि यसमा नैतिक शिक्षा प्रदान गरी समाज र व्यक्तिलाई नैतिक चरित्रवान् बनाई असत्यमाथि सत्यको जित देखाई व्यक्तिलाई सत्यको पक्षमा रहन आग्रह गर्ने उद्देश्य लिएको हुन्छ ।

## २.११ **लोककथाका प्रकारहरू**

लोककथाले धेरै मोड तथा घुम्तीहरू पार गर्दै र धेरै पक्षलाई समेट्दै आएकाले यसलाई विवादरहित ढङ्गले विभाजन गर्न गाह्रो छ । आज लोकसाहित्यको मात्र नभएर सम्पूर्ण साहित्यको प्रमुख अङ्गको रूपमा लोककथा हुन पुगेको छ । लोककथाकै माध्यमबाट जीवन र जगतको यथावत कुरा थाहा पाउन सकिन्छ । मानव संस्कृति र सभ्यताका अध्ययनका क्रममा लोककथा एउटा मनोरम र सर्वसुलभ साधन बनिआएको छ । यसको विषयमा अध्ययन गर्न अतिआवश्यक छ वर्गीकरण गर्न पनि त्यतिकै गाह्रो बनेको छ । यसको प्रमुख कारण असीमित व्यापकता र सर्वपक्षलाई समेटिएकोले नै हो । यो जति व्यापक भएपनि यसको गुणका आधारमा केही हदसम्म वैज्ञानिक वर्गीकरण पहिल्याई प्रस्तुत लोककथाको अध्ययन गर्नु यस अध्ययन  पत्रको मूल उद्देश्य रहेको छ । यसको वर्गीकरण सम्बन्धमा केही विद्वान वर्गको अभिमतलाई तल प्रस्तुत गरिएको छ ।

आनन्दवर्धनका अनुसार “लोककथालाई शैली तथा प्रस्तुतिका आधारमा परीकथा, सकलकथा र खण्डकथा गरी ३ भागमा वर्गीकरण गरिन्छ ।” (कोइराला : २०५६ : पृ १२७) प्राचीनकालमा आचार्यहरूको लोककथालाई कथागत, वस्तुगत र उद्देश्यानुसार आख्यानयुक्त रचनालाई मुख्यतया धार्मिक तथा उपदेशात्मक कथा र मनोरञ्जनात्मक कथा गरी ३ तीन भागमा विभाजन गरेको पाइन्छ । (थापा, सुवेदी : २०४१, पृ १७) । यिनै प्रसङ्गलाई जोड्दै विभिन्न विषयका आधारमा लोककथालाई उत्तरवर्ती विद्वानहरूले विभाजन गरेर अध्ययन गरेको पाइन्छ । नेपाली लोक साहित्यको वर्गीकरणमा पनि यिनै विभिन्न गुण र विशेषतालाई आधार मानेको पाइन्छ । चुडामणि बन्धुका अनुसार “नेपाली लोककथालाई दुई भागमा विभाजन गर्न सकिन्छ । पौराणिक र ऐतिहासिक (बन्धु : २०५८ :पृ २९७) होमनाथ सापकोटाद्वारा लिखित लोककथाको वर्गीकृत विवेचना २०४६ मा निम्नानुसार विभाजन गरेको छ । १. अतिमानवीय लोककथा, २. चलाखी र धुर्त्याइको लोककथा, ३. इर्ष्या-डाहा तथा विश्वासघातको लोककथा । (बन्धु : २०५८ :पृ २९७)

धर्मराज थापा र हंसपुरे सुवेदीदलाई लोककथाको प्रमुख अध्येता र विश्लेषक मानिन्छ । उनीहरूले गरेको विभाजन यस्तो छ : १. मानवीय तथा अमानवीय लोककथा २. पशुपंक्षी तथा फलफूलको कथा, ३. वैदिक तथा धार्मिक लोककथा, ४. सांस्कृतिक तथा ऐतिहासिक लोककथा , ५. अर्ति उपदेश तथा बहादुरीको लोककथा, (थापा, सुवेदी : २०४१ पृ ३४६) लोककथाका सशक्त अन्वेषक तुलसी दिवसले लोककथालाई १० भागमा विभाजन गरेका छन् । ती यस प्रकार छन् ।

१. सांस्कृतिक, ऐतिहासिक लोककथाहरू
२. अर्तिउपदेशका लोककथाहरू
३. पशुपंक्षीका लोककथाहरू
४. मानवका विशेष स्वाभाव र प्रवृत्तिका लोककथाहरू
५. अतिमानवीय रूपका लोककथाहरू
६. दैविक लोककथाहरू
७. फलफूलका लोककथाहरू
८. साहास र बहादुरीका लोककथाहरू
९. धार्मिक लोककथाहरू
१०. विभिन्न लोककथाहरू

माथिको विभाजनमध्ये धेरै भागमा सूक्ष्म विभाजन गरी अध्ययन गरेको तुलसी दिवसको वर्गीकरण पाइन्छ । तर पनि यिनका वर्गीकरणमा केही असमाञ्जस्यता देखापर्दछ । अतिमानवीय लोककथाभित्र दैविक तथा फलफूल सम्बन्धी लोककथा पनि पर्न सक्छ त्यस्तै ऐतिहासिक तथा सांस्कृतिक लोककथामा धार्मिक लोककथा पनि पर्न सक्छ । तैपनि यिनै विद्वानहरूका वर्गीकरणका आधारलाई मानेर अन्य अध्ययनहरू अगाडि बढाएको पाइन्छ । यस अध्ययन पत्रमा पनि यसलाईनै माथिका वर्गीकरणलाई जोड घटाउ गरी निम्न भागमा लोककथालाई वर्गीकरण गरिएको छ ।

१. धार्मिक तथा सांस्कृतिक लोककथा
२. ऐतिहासिक तथा बहादुरीका लोककथा
३. देवता, परीहरू, राक्षस तथा भूतप्रेतका लोककथा
४. पशुपंक्षी तथा वनस्पति सम्बन्धी लोककथा
५. निर्जिव पात्र तथा अमानवीय कर्मसम्बन्धी लोककथा
६. मानव आचरण तथा नीतिसम्बन्धी लोककथा

७. हास्यव्यङ्ग्य तथा मनोरञ्जनमूलक लोककथा

८. गरिब गुरुबा तथा किसान सम्बन्धी लोककथा

९. अन्य विविध विषयका लोककथा

## २.१२ **निष्कर्ष**

यसरी लोककथाले विभिन्न विशेषता बोकी समाजलाई मार्ग निर्देशन गराएको पाइन्छ । लोककथाले समाजलाई दिएको सबल पक्षका आधार यस विधाको विभिन्न पक्षमा चर्चा भई नै रहेको छ । कथा फाँटमा ओझेल पर्न लागेका यस्ता कथाहरु बौद्धिक व्यक्तित्त्वका प्रयासले प्रकाशमा ल्याउने काम पनि साथसाथै हुँदै आएको अध्ययनको निष्कर्ष रहेको छ ।

# अध्याय तीन

# खोटाङ जिल्लाको संक्षिप्त परिचय

## ३.४ विषय परिचय

नेपालको पाँच विकास क्षेत्रमध्ये पूर्वाञ्चल विकास क्षेत्रको सगरमाथा अञ्चलको एक जिल्लाको रूपमा खोटाङ जिल्ला रहेको छ । पूर्वको कालिकोट उपमा बोकेको खोटाङ जिल्लाको विगत अवस्थालाई हेर्दा साच्चै दुर्गम र पिछडिएको जिल्लाको रूपमा चिनिन्थ्यो । त्यस समय जिल्लामा विद्युत सडक यातायात, अस्पताल, विद्यालय तथा क्याम्पसहरू  थिएनन् । अधिकांश जनता निरक्षर थिए । नजिकको जिल्ला उदयपुरबाट ढाकर र टेकुवाको भरमा साता दस दिन लगाएर दैनिक उपभोग्य सामग्रीहरू ओसार्थे । हाल यो जिल्ला क्रमशः सुगम तथा विकसित बन्दै गएको छ । तराइसँग कच्ची सडकहरू निर्माण भएका छन् । भने विद्युत विस्तार पनि भइसकेको छ । जिल्लामा हाल तीन ओटा विमानस्थल सञ्चालनमा आएसकेका छन् ।

खोटाङ जिल्लाको नामाकरणको विषयमा धेरै प्रकारका किम्बदन्तीहरू रहेका छन् । खोटाङ जिल्लाको इतिहासलाई हेर्दा यो जिल्लामा किराँतीहरूको बाहुल्यता रहेको थियो । खोटा भन्ने किराँती र हाङ्ग (राजा) ले राज्य गरेकाले खोटाहाङ्ग हुँदै खोटाङ नाम रहन गएको हो । "चाम्लिङ राईका पाछाहरू (थरहरू) मध्ये एउटा पाछाको नाम खोतोहोछा हो । पहिले कुनै समयमा अहिलेको खोटाङ क्षेत्रमा खोतोहोछाहरूको अधिपत्य थियो । र त्यस क्षेत्रका शासकहरूलाई खोतोहोछा भनिन्थ्यो । यहि खातोहोछा शासकको नामबाट अपभ्रंश भई खोटाङ नामाकरण हुनसक्ने काशी राईको अनुमान छ ।" (सुवेदी, ०६६ : २३, क)

उपर्युक्त विभिन्न मतलाई हेर्दा खोटाहाङ शासकको नाम अपभ्रंश भएर खोटाङ नामाकरण हुनसक्ने मत रहेको छ । "खोटे नामक राजा (चाम्लिङ भाषामा खोटेहाङ्गले शासित भूभाग) भएकाले खोटेहाङ्ग" बाट अपभ्रंश भई खोटाङ नाम रहन गएको हो भन्ने भनाई बढी सान्दर्भिक छ । (सुवेदी, ०६६ : २३ ख)

खोटाङ जिल्लाको क्षेत्रफल १५९२ वर्ग कि.मी. रहेको छ । भौगोलिक अवस्थितिका आधारमा २६°, ५०° उत्तरदेखि २७°, २८° उत्तरी अक्षांशसम्म र ८६°, २६° पूर्वदेखि ८६°, ५९° पूर्वी

देशान्तरसम्म फैलिएको लेक, व्याँसी, टार तथा ट्याम्के, स्याल्मे र रूपाकोट जस्ता अग्ला डाँडाहरू रहेका छन् । (सुवेदी, ०६६ : २५ क)

खोटाङको सिमाना पूर्वमा भोजपुर, दक्षिणमा उदयपुर, पश्चिममा ओखलढुङ्गा र उत्तरमा सोलुखुम्बु जिल्ला रहेका छन् । खोटाङ जिल्ला धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण रहेको छ । यहाँ पूर्वको पशुपति भनेर चिनिने हलेसी महादेवस्थान रहेको छ । वि.सं. २०६८ को जनगणनाअनुसार खोटाङ जिल्लाको कुल जनसंख्या २,०६,३१२ रहेको छ । कुल जनसंख्याको ९७,०९२ पुरुष र १,०९,२६६ महिला रहेका छन् । (केन्द्रीय तथ्याङ्क विभाग, २०१२ : ८३)

खोटाङ जिल्लामा राई (किराँती) बाहुनक्षेत्री, तामाङ, नेवार, मगर, गुरुङ, दलित, शेर्पा, माझी आदि विभिन्न जातजाति, जनजाति आदि मानिसहरू बसोबास गर्ने भएकाले यहाँ सांस्कृतिक विविधता पाइन्छ । (सुवेदी, २०६६ : ३२ च)

### ३.५ खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रको परिचय

नेपाल भौगोलिक, सांस्कृतिक, ऐतिहासिक विविधता बोकेको प्राकृतिक सुन्दरताले भरिपूर्ण देश हो । यही देशको सगरमाथा अञ्चलमा पर्ने खोटाङ जिल्ला सांस्कृतिक, धार्मिक र प्राकृतिक सुन्दरताले सजिएको जिल्ला हो । यस जिल्लामा ७६ ओटा गाउँ विकास समिति रहेकोमा हाल चारओटा गाउँ विकास समिति मिलाएर १ ओटा नगरपालिका बनेको छ । खोटाङको सदरमुकाम दिक्तेल गा.वि.स. र नजिकका वाम्राङ, खाल्ले र लज्याङ गा.वि.स. मिलाई दिक्तेल नगरपालिका निर्माण भएको छ ।

यो नगरपालिका वि.सं. २०७१ वैसाख २५ गते घोषणा भएको थियो र यस नगरपालिका १५ वडामा विभाजित छ । यस नगरपालिकाको कुल क्षेत्रफल ७०.१ वर्ग कि.मी. रहेको छ । यस नगरपालिकामा ३,६६९ घरधुरी र २०,५९८ जनसंख्या रहेको छ । जसमध्ये १०,०७२ पुरुष र १०, ५२६ महिला संख्या रहेको छ । यस नगरपालिकाको पूर्वी सिमाना साप्सु खोला, दक्षिणमा दिखुवा खोला पश्चिममा नुनथला गा.वि.स. र उत्तरमा नेर्पा गा.वि.स. रहेका छन् । यस नगरपालिकामा पाँच कन्या कालिका, भगवति मन्दिुर, सिद्धेश्वर महादेव गुफा, साथै पर्यटकीय ऐतिहासिक महत्त्व बोकेको र किराँतीहरूले राज्य शासन चलाएको मझुवा गडी र रूपाकोट गडी यही नगरपालिका क्षेत्रभित्र पर्दछन् । जहाँबाट प्राकृतिक सौन्दर्यको अवलोकन गर्न सकिन्छ ।

## ३.६ खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन

खोटाङ जिल्ला साहित्यिक दृष्टिले हेर्दा अन्य सुगम तथा विकसित जिल्लाभन्दा कम छैन । अझ भन्नुपर्दा लोकसाहित्यको दृष्टिमा त अरुभन्दा धनी जिल्ला भन्दा अतियुक्ति नहोला । पुष-माघ होस की चैत-वैशाख या असार-साउन होस्, समय सापेक्ष लोकभाकाहरू गुन्जिने गर्दछन् । लोकभाका वा लोकगीतहरू यसका अलावा लोककथाहरू पनि खुबै प्रचलित थिए । हालको समयमा भने लोककथाको अवस्था नाजुक रहेको छ । वक्ता, श्रोता र समयको त्रिकोणात्मक स्थितिको अभावमा लोककथाले आफ्नो पहिचान गुमाउन लागेको छ ।

खोटाङ जिल्लाको सदरमुकाम दिक्तेल नगरपालिकाको क्षेत्रहरूमा गई लोककथाहरू सङ्कलन गरी यस अध्ययनपत्रमा राखिएको छ । यी सङ्कलित लोककथाहरूको शीर्षक अन्य लोककथाहरूसँग मिलेतापनि विषयवस्तुमा फरक रहेको छ । कुनै लोककथाले मुटु चिमोटेर आँशु बगाई दिन्छ, कुनै लोककथाले सामाजिक तथा पारिवारिक मेलमिलाप गराउन सहयोग गर्छ भने कुनै लोककथाले समाजका ती पात्र जो समाजलाई भित्रभित्रै खाएर ढाल्दछन् । त्यस्ता समाजका गभराहरूलाई निर्मूल पार्न हौस्याउँछ यस्ता प्रकारका कथाहरू यस अध्ययनपत्रमा सङ्कलन गरिएको छ ।

### ३.६.१ सोझो चारेको कथा

उहिल्यै एउटा गाउँमा ज्यादै सोझो युवक थियो । उसले धेरै समयपछि एउटी राम्री केटीसँग बिहे गऱ्यो । रहँदा बस्दा धेरै समयपछि दुवै जोई पोई माइत ससुराली गए । ससुरालीमा राम्रै मेजमान भयो । सासुले ज्वाईलाई खुँदो खान दिइछिन् । खुँदो मीठो भएकाले अझै खाने मन थियो उसले फेरि थपि माग्ने चेष्टा गर्न सकेन ।

राति दुवै जोइपोई ओछ्यानमा पसे । त्यो सोझो केटोले आफ्नी श्रीमतीसँग खुँदो मीठो लागेकोले खाने मनसाय गऱ्यो । “ए बुढी अघिको खुँदो अलिकति ल्याइदेन ।” उसले कानमै भन्यो । झर्कँदै स्वास्नी चाँहिले भनि “माथि तलामा छ, आफै गएर खाऊ ।” त्यो सोझो केटो पनि सरासर तलामा गयो खुँदो गाग्रोमा झुण्डाएर राखेको रहेछ । के गरी झिक्ने ? ऊ फसादमा पऱ्यो । त्यो केटो फेरि आएर भन्यो ए बुढी खुँदो त गाग्रोमा झुण्डाएको रहेछ के गरी खानु ? बुढी चाँहिले छोटो उत्तर दिई गाग्रोमा प्वाल पारेर मुनीबाट मुख आँ गरेर थाप्नु । त्यो केटो पनि खुँदो राखेको गाग्रीलाई

मुड्कीले हानी मुनिबाट, मुख थापेको त सबै खुँदो जीउभरि खनियो । फेरि त्यो केटो स्वास्नी भए ठाउँमा गई कोट्याउँदै भन्यो ए बुढी, ए बुढी खुँदो जीउभरि खनियो अव के गर्ने ?

स्वास्नीले फेरि छोटै उत्तर दिई "जाऊ रुवामा सुत ।"

केटो रुवामा सुतेको त जीउभरी रुवा टाँसियो भेडा जस्तै भएछ । तब ऊ फेरि स्वास्नी भए ठाउँमा आई भन्यो - "ए बुढी, ए बुढी हेर्न म त यस्तो भए अब के गर्ने ?"

स्वास्नीले छोटै उत्तर दिई - "जाऊ भेडाको खोरमा सुत ।" केटो पनि गएर भेडाहरूको बीचमा बसेछ ।

त्यसरात भेडा चोरहरू आए । उनीहरूले भेडाको ढाड छाम्दै छाम्दै जाँदा त्यही केटाको मोटो ढाड भेटेर यहीँ बलियो रहेछ भनेर घाँटीमा लामो डोरी दाम्लो लगाएर खोरबाट तान्दै निकाले । त्यो सोझो केटो पनि लुरुलुरु चारपाउ टेकेर हिडिरह्यो । बाटामा एउटा खोल्सा फड्केर तर्न पर्‍यो । भेडा तान्ने चोर पहिला फड्केर खोल्सा पारी तर्‍यो र दाम्लो तान्दै भन्यो, "आइजु न भ्याँ ।" त्यो केटाले भन्यो "सक्दिन भ्याँ ।" सबैजना चोरहरू छक्क परे । ती चोरहरूले हामी भन्दा ठूलो चोर पो रहेछौ, अब सँगै चोर्न जानुपर्छ त्यो केटोले सहमतिको टाउको हल्लायो ।

भोलिपल्टको राति सबै चोरहरू भेला भई सबैले बज्ने चोर्नुपर्छ भनी सल्लाह गरे । अरु घरभित्र पसेर चाँदीका सिक्का खोज्न थाले तर विचरा ! त्यो सोझो चोरलाई चोर भाषा थाहा नहुँदा एउटा मादल भेटेछ र बज्छ बज्दैन भनी बजाउन थालेछ, तब त्यस घरकाहरू चोर ! चोर ! भन्दै लखेटे । सबै चोर चार दिशा भागे विहान हुँदा सबै भेला भई त्यस चोर केटोलाई हकारे ।

भोलिपल्ट फेरी आज सेतो खोज्नु पर्छ भनी सबै घर फोरेर भित्र पसे । त्यो सोझो चोरले सेतो चिज खोज्दै जाँदा ढुङ्ग्रोमा सेतो दुध भेट्टाएछ । लौ यही हो सेतो भन्ने चिज भन्दै अगेनामा आगो बाली खीर पकाउन थाल्यो । त्यही मझेरीमा त्यस घरकी बुढिया सुतेकी रहिछे । उसले निन्द्रामै हाई गर्दै हात पसारीछे । त्यो सोझो चोरले खीर मागेको सम्झेर भन्यो - "एकछिन पाकेको छैन ।" खीर फत्किन थाल्यो फेरि ती बुढियाले हाई गर्दै हात पसारीछे । त्यो सोझो चोरले "कत्ति अत्तालिएकी" भन्दै तातो खीर एक डाडु बुढियाको ।तमा खन्याइ दियो । त्यो बुढिया आथ्यु थु गर्दै चोर-चोर भनी कराउन थाली सबै चोरहरूले केही झिक्नै नपाई भागे ।

भोलि फेरी सबैले त्यो सोझो चोरलाई कुटौंला झैं गरे । जे भयो भयो आज राती चाहिँ धेरै धनसम्पत्ति भएको घरमा चोर्न जाँदैछौ । हामी सुरुङ खन्छौं तिमी चाहिँ माटो ओसार्ने भाडो खोज्नु भने । योजनाअनुसार सबै घर पछाडि सुरुङ खन्न थाले । त्यो सोझो चोर घरको चारैतर्फ खोज्यो माटो ओसार्ने केही चिज नपाएपछि ऊ त्यही घरको ढोका ढक्ढक्याउन थाल्यो । भित्रबाट आवाज आयो को हो । त्यो सोझो चोरले भन्यो म । मलाई एउटा डालो दिनुहोस् न बाजे । भित्रबाट आवाज आयो किन नानी ? यो बिच रातमा । हामी तपाईको घर पछाडि सुरुङ खन्दै छौं, त्यसैले माटो ओसार्न, उसले भन्यो । बुढाले चोर पो रहेछ भन्दै "गुहार, गुहार चोर" भन्दै जोड जोडले कराउन लागे चोरहरू भागा-भाग भए ।

चोर्न नपाएको झोकमा त्यो सोझो चोरलाई सबैले भकुरे । चोर भनेको त साधु पो रहेछ । बजिया भन्दै हिडे आफ्नो सोझोपनको कारण दुःख पाएकोमा त्यो सोझो चोर खिन्न भयो ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा मुखमा आइजाला ।
कथावाचक - हम्वसिं राई
वर्ष - ४९
ठेगाना - दिक्तेल न.पा. - १४, खाल्ले

### ३.६.२ "हुङ्गीया काठको डुङ्गीया मनचिन्ते काठको बहना"

उहिल्यैंको कुरा हो । एउटा प्रतापी राजकुमारले बत्तिसै लक्षणले युक्त भएकी गाउँले केटी बिहे गरेछन् । उनको सुनको केस भएकाले सुनकेस्रा नाम थियो । गाउँले केटी दरवारमा राजकुमारी बनाएर राख्न अशुभ हुने भएकाले ती दुवैलाई देश निकाला गरिदिएछन् । उनीहरू एउटा नदीको तीरमा सुन्दर महल बनाएर बसेछन् ।

एकदीन राजकुमार शिकार खेल्न गएका बखत सुनकेस्रा रानी त्यही महल नजिकैको नदीमा नुहाउँदा एउटा केश बग्दै-बग्दै अर्को देशमा पुगेछ । त्यहाँ साथीहरूसँग नुहाउँदै गरेको त्यस देशको

राजकुमारले त्यो सुनको केश भेटेछन् । त्यसपछि ती राजकुमारको मनमा यस्तो केश हुने केटी कति सुन्दर होलिन् । उसँग बिहे गर्न पाए हुन्थ्यो भन्ने सोचले रातदिन पिरोलीन थालेछन् । फलस्वरूप उनी दिनानुदिन घट्दै गए । छोराको यस्तो हालत देखेर राजा चिन्तित भएछन् । उनले छोराका लागि धेरै औषधि उपचार गराए, धामी झाँक्रीलाई देखाए तर राजकुमारको स्थिति बीसको उन्नाइस भएन । राजाले बेचैन हुँदै राजकुमारलाई कर गरेर सोधे । अन्तमा राजकुमारले भने बुबा मैले एउटा सुनको केश भेट्टाएको छु । त्यही केटीसँग विवाह गर्न पाए म बाँच्ने छु नत्र मेरो माया मार्नु होला । राजाले ती केटी कहाँ छिन् भनी सोधनी हुँदा राजकुमारले नदीमा बग्दै आएको भनेपछि राजा जिल्ला परेछन् । राजाले पुर्पुरोमा हात राखेर सोचे, त्यो केटीलाई जसले ल्याउँछ त्यसलाई आधि राज्य इनाम दिइनेछ भनेर भन्दा पार लाग्छ की भनी यो कुरा झ्याली पिटाएछन् ।

त्यसै दरबारमा टुनामुना गर्ने एउटा बोक्सी पनि थिई । ऊ राजाको अघि आएर भनी - “महाराज मैले भनेको सामान पाएमा म ती केटीलाई ल्याउन सक्छु ।” राजाले खुसी हुँदै भने छन्, “भने के सामान चाहिन्छ ? म तुरुन्त व्यवस्था मिलाउने छु ।”

बोक्सीले भनी - “महाराज मलाई हुङ्गीया काठको डुङ्गीया र मनचिन्ते काठको वहना” भए म यो काम फत्ते गर्नेछु । तसर्थ देशका सारा माझीहरूलाई आदेश दिए कसैले न कसैले सामान ल्याउने छन् । राजाले आफ्ना देशभरीका सारा माझीहरूलाई बोलाइ एक महिना भित्रमा “हुङ्गीया काठको डुङ्गीया मनचिन्ते काठको बहना” ल्याउनु पर्नेछ । नल्याएमा मृत्युदण्ड दिइनेछ र ल्याउनेलाई इनाम दिइने छ भनी घोषणा नै गरिदिएछन् ।

आजसम्म नसुनेको सामान ल्याउनुपर्दा र राजाको आज्ञा सुन्दा सबै माझीहरू डरले थुरथुर काम्न थाले । त्यस मध्येका बाबु र छोरा माझीहरू मरिइने भयौं भन्दै पूर्वतर्फ लागे । जाँदाजाँदा रात परेकाले एउटा ठुलो रुखमुनि बास बसे । निरास भएका बाबुछोरा केही नखाई त्यसै सुते । त्यही रुखको हाँगामा बसिरहेका चराका बचेराहरूलाई बाबुछोरा केही नखाई सुतेकाले चिन्ता पर्यो । उनीहरूले आमा चरीले ल्याएको चारो खान भनिन् । आमाले धेरै फकाए पनि उनीहरूले मुखै खोलेनन् । आमा चरीले दिक्क हुँदै भनिछे - “किन, के भएर आज चारो खादैनौ ?” बचेराहरूले भनेछन् - “हाम्रो रुखको फेदमा बस्ने मानिसहरू केही नखाई खिन्न भएर सुतेका छन् । तिनीहरूको समस्या थाहा नपाएसम्म हामी केही खाँदैनौं । यिनीहरू राजाको आदेश अनुसार “हुङ्गीया काठको डुङ्गीया मन चिन्ते काठको बहाना” खोज्न हिँडेका हुन् । यिनीहरूलाई यी चिज कहाँ पाइन्छ ? थाहा छैन र नलगे मृत्युदण्ड हुनेछ । त्यसैले यिनीहरू चिन्तित भएर केही नखाइ सुतेका हुन् ।”

आमा चरीले भनी । बचेराहरूले भने - “यी चिज कहाँ पाइन्छ त आमा ?” आमा चरीले भनी - “यो भन्न हुँदैन हामीले दु:ख पाउनुपर्छ ।” उसो भए हामी चारो खाँदैनौं बचेराहरूले भने ।

आमा चरीले धेरैबेर घोरिएर भनी “गर ठिकै छ जिद्दी गर्यौ ।” यी मानिसहरू अहिले त थाकेर निदाइसके होलान् । ल सुन ! “हुङ्गीया काठको भनेको यही रुख हो र कसैको डुङ्गा हो । मनचिन्ते काठ बहना भनेको यसैको हाँगो हो । यस रुखको डुङ्गा र यसैको हाँगाको बहनाले मनले जहाँ चितायो त्यहीँ त्यहीँ पुऱ्याउँछ । लौ अब चारो खाओ ।

रुखको फेदमा सुतेको बाबुछोरा मध्ये बाबु चाहीँ चिन्ताले गर्दा ननिदाई चराहरूको वार्तालाप सुनिरहेको थियो । आफूले चाहेको चिज पाएकाले ऊ औधी खुसी भयो र मस्तले निदायो ।

भोलि बिहानै बाबुछोराले त्यस रुखमा भएका चराका बच्चाहरूलाई जतनपूर्वक नजिकैको अर्को रुखमा सारी दिएर रुख ढाली डुङ्गा र बहना तयार गरी राजाको सामु पेस गरे । आफूले भनेको सामान भेटेपछि बोक्सी बुढीले त्यसलाई नदीमा राखी वहना समाई सुनकेस्रा रानी भए ठाउँ पुऱ्याई जा ! भनेर मनले चिताई । त्यो डुङ्गा वायु वेगले सुनकेस्रा रानी भए ठाउँ पुऱ्याइदियो । त्यो बुढी दरबारमा गएर सुनकेस्रा रानीको सुसारे भएर काम गर्न थाली । राजकुमार साथमा हुनाले बोक्सी बुढीले सुनकेस्रालाई अपहरण गर्न सकिन । उसलाई थाहा थियो ती राजकुमार धेरै शक्तिशाली छन् । उसको मृत्यु सितिमिति हुँदैन । उसलाई नमारी सुनकेस्रालाई लग्न सकिँदैन । बोक्सी बुढीले सुनकेस्रालाई ज्यादै मोहित पारी र राजकुमारको मृत्युको तरिका सोधी सुनकेस्रा रानीले फ्यास्सै भनिन् - “उनको ढाल र तरवार आगोमा पोलेर फुकादाम र तिलजत्रो बनाई खरानीमा पुरी दिए उनको मृत्यु हुन्छ ।” बोक्सी बुढीले पनि मौका पारेर राजकुमारको ढाल र तरवार आगोमा पोली फुकादाम र तिलजत्रो बनाई खरानीसँग घरको दुलोमा लुकाइ दिई । त्यसपछि टुनामुना गरेर सुनकेस्रा रानीलाई बेहोस् बनाई त्यही हुङ्गीया काठको डुङ्गामा राखी मनचिन्ते बहना समाई र मनले सोच्ने बित्तिकै त्यस डुङ्गाले ती दुवैलाई अर्को राजदरबारमा पुऱ्यायो ।

उता दरबारमा पुग्ने बित्तिकै रानीको होस् खुल्यो । सबै नौलो, नयाँ ठाउँ उनी छक्क परिन् । बोक्सी बुढीले उनलाई सारा कुरा बताइन् । सुनकेस्रा रानी धेरै रोइन् । घर फर्कन ठुलो अनुरोध गरिन् तर कसैले उनको साथ दिएनन् । उनी पाँच दिन, पाँच रात केही नखाई, केही नपिई आफ्नो राजकुमारको सम्झनामा बिताइन् । त्यस देशको राजकुमार भने सुनकेस्रालाई देखेर खुसीले पागल झैं भयो । चाँडै बिहे गर्ने सोचले सुसारेहरूलाई फकाउन लगायो तर सुनकेस्रा रानीले केही गर्दा

पनि मानिन् । आफ्नो बिहे भइसकेको पुन : विवाह गर्न हुँदैन भन्दा पनि केही जोर नचलेपछि एक महिनाको समय मागिन् । एक महिनाभरि नदीमा नुहाउने र पूजापाठ गर्न पाउने मौका पनि पाइन् ।

एक दिन नदीको अर्कै ठाउँमा नुहाउन जाँदा त्यही डुङ्गा र वहना देखिन् । सबै सुसारेहरूलाई पौडी खेल्न सिकाइ मागिन् । सबै पौडी खेल्न जान्दछन् वा छैन भनि सबैलाई नदीमा एकैचोटी पस्न लगाइन् । त्यही मौका छोपी उनी त्यहीँ हुङ्गीया काठको डुङ्गीयामा पसी मनचिन्ते काठको बहना समाई मेरो घर लैजा भन्ने मनमा सोच्ने बित्तिकै वायुवेगले डुङ्गा त्यहाँबाट बेपत्ता भयो । यो खबर दरबारमा पनि पुग्यो । यो सुनेर राजकुमार मुर्छा  परे ।

त्यस डुङ्गाले रानीलाई आफ्नो दरबार अगाडि पुऱ्याइदियो । त्यो भव्य महल अनि आफ्नो पतिलाई सम्झेर उनी डाको छोडेर रोइन् । धेरैबेर रोइ रहिन् । त्यस जङ्गलका पशुपंक्षी सुनकेस्राको वरिपरि बसी शोक विह्वल भए । रुँदारुँदा तीन दिन बिताइछिन् । उनको स्वर सुक्यो, आँसु सकियो । अन्तिममा राजकुमारको ढाल र तरवार उठाएर कहाँ पुरेको छ भनि खोज्दा खोज्दा दश दिन पछि घरको दुलोमा भेट्टाइन् । त्यसलाई कामी चराले फेरि ढाल र तरवार बनाइ दियो । राजकुमार त्यही प्रकट भए । सुनकेस्राको खुसीको सीमा रहेन । अँगालो हालेर रोइन । रुँदा रुँदा त्यही नदी बनेछ । त्यही डुङ्गामा चढेर दुवैबजा गई बोक्सी बुढी लगायत राजारानी राजकुमार तथा सुनकेस्रालाई सताउने सबैलाई मारी त्यही देशको राजरानी भई जनताको प्रिय राजारानी भई बसे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा मुखमा आइजाला ।
कथावाचक - दिल बहादुर भट्टराई
वर्ष - ५९
ठेगाना - दिक्तेल न.पा. - १५

### ३.६.३ सुगा र मैनाको कथा

एकादेशमा एउटा घना जङ्गल थियो । त्यहाँ धेरै थरीका पशुपंक्षीहरू बस्दथे । एक साँझ ठुलो आँधीहुरी चल्यो । त्यस हुरीले सुगाको गुँड भत्काइ दियो । सुगा पनि आफ्नो ज्यान बचाउन यत्रतत्र भौतारिँदै एउटी मैनाको गुँडमा पुग्यो । मैनाका दुई बचेरा पनि रहेछन् । सुगालाई आफ्नो

गुँडमा देखेर सुगालाई गाली गर्दै मैनाले भन्न थालिछे "तिमी पुरुष जातिहरू अपराधी र धोकेबाज हुन्छौ । त्यसैले म तिमीलाई यहाँ एक मिनेट पनि बस्न दिन्न, अन्तै जाऊ ।"

बिचरो सुगा नीलोकालो भयो । जाउँ त बाहिर हुरी चलिरहेको छ, फेरि रात पनि छिप्पिँदै छ । त्यसैले मैनासँग अनुरोध गर्यो । "वैनी हेर बाहिर हुरी चलिरहेको छ, फेरि अँध्यारो पनि त छ, त्यसैले आज एक रात बस्न देउ । सबै पुरुषहरू एकै खालको कहाँ पो हुन्छ र ।"

मैनाले चुच्चाले पखेटा कन्याउँदै भनी, "हैन, हैन लोग्ने जातिहरू खराब हुन्छन्, एउटा कथा सुन ।" एकपटक एउटा गरिब बाहुनको छोरा काम खोज्दै जाँदा एउटा धनी कामीको घरमा काम गर्न बसेछ । त्यही घरकी कामीकी छोरीसित प्रेम गर्न थालेछ । पछि उनीहरूले राजीखुसीले विवाह गरेछन् । रहँदाबस्दा पाँच, छ वर्ष पनि बितेछ । एकदिन बाहुनको छोरालाई घरको सम्झना आएछ र उसकी स्वास्नीसित घर जाने सल्लाह गरी सासुससुरासँग आज्ञा लिई दुवै जोइपोइ घर हिँडेछन् । उसका बाबुआमाले छोरीलाई धेरै धन सम्पत्ति दाइजो दिएर घर पठाएछन् ।

दुवै धेरै धनसम्पत्ति लिएर जाँदाजाँदा रात परेकाले बाटामा बास बसेछन् । राती बाहुनको छोरोले मनमनै सम्झ्यो, मैले कामीकी छोरी बिहे गरेर ल्याएको छु बाबुआमाले के भन्ने हुन् । उसको मनमा पाप उब्जिएछ । गाउँले र बाबुआमाको घृणाबाट बच्न यस केटीको घाँटीमा छुरी रोपी मारेर बाटामुनि फालि दिएर भएभरको सम्पत्ति कुम्ल्याएर घर हिड्यो ।

धेरै समयपछि धेरै धनसम्पत्ति लिएर छोरो आइपुगेको देखेर कसका बाबुआमा खुसी हुँदैनन् र । उसका बाबुआमा पनि धेरै खुसी भए । गाउँ भरी आफ्नो छोराको प्रसंशा सुनाए । रहँदै बस्दै जाँदा छोराले ल्याएको धन सम्पत्ति सकिँदै गयो । बाहुनको छोरोले फेरि कामीको घरमा गएर तिम्री छोरी सुत्केरी भई भनि फेरि धन लिएर आउँछु भनेर हिँड्यो । उता कामीकी छोरीलाई अर्धमृत अवस्थामा गाउँलेहरूले भेटेछन् र उसको बाबुआमाको घरमा पुर्याइ दिएछन् । कामीले पनि धेरै धन खर्च गरेर छोरीलाई जस्ताको तस्तै बनाएछन् । यस्तो दुर्गति कसरी भयो भनेर सोध्दा छोरीले भनिछे बाबा बाटामा डाकाहरूले सबै धनसम्पत्ति लुट्यो । मलाई यस्तो गतिमा छोडिदियो तर तपाइको ज्वाइँलाई के गर्यो थाहा छैन ? भनी मायाको अगाडि सत्य कुरालाई ढाँटी रुन लागिछे । रुँदारुँदा उनका आँखा राताराता भएछन् । त्यही समयमा बाहुनको छोरो पनि टुप्लुक्क पुगेछ । सबै हर्षले गदगद भएछन् । तर त्यही केटीलाई देखेर बाहुन केटो भने तेल भइ बिलाई जाउँ, पानी भए सकिजाउँ झैं भई चुपचाप उभिरह्यो । कामीकी छोरीले गर्ल्याम्म अँगालो मोरे बाहुनको कानमा सुटुक्क भनिछे नडराउ

बाटोको कुरा भनेकी छैन भनेर रोएको नक्कल गर्दै भनिछे मलाई चोरले यस्तो अवस्थामा पुऱ्याइदियो । अझ तपाईलाई त कति टुक्रा पार्यो होला भने ठुलो पीरमा थिए भन्दै ग्वाँग्वाँ रोइछे । त्यसपछि भने बाहुनको छोराको होस् खुलेछ । एउटी आइमाइको मायाले भरिएको दिल देखेर उसले सम्झ्यो साच्चै आइमाई भनेको देवी दुर्गा नै हुँदि रहिछिन् ।

सासुससुराले पनि हराएको ज्वाँइ आइपुगेकामा ठुलो उत्सव मनाएछन् । ठुलो भोज भतेर भयो । दुवै जोइपोइ आनन्दले दिन विताउन लागे । पछि फेरि बाहुन केटाले स्वास्नीसँग घर जाने मनसाय गऱ्यो । तर केटीले मानिन, पहिलेको बाटोको घटना सम्झेर बाहुनको छोराले भने प्याच प्याची किरिया खाँदै भन्यो, “अव त्यसो हुने छैन, म तिमी विना एकपल पनि बाँच्न सक्दिन ।” भनेछ तर केटीले भनिछे उसो भए यही बसौं । तर केटाको लक्ष्य अर्कै हुनाले कामीको छोरीलाई अँगालो हालेर भनेछ त्यसो नभन घरमा बुढा बा र आमा मात्र छन् । उनीहरू मलाई नै पर्खिरहेका छन् । त्यहीं जाऔं र आमाबाबुको सेवा गरौं । पछि फेरि यहाँ आऔंला भनी लट्ठ पारी कामीको छोरीलाई मनाएछ । भोलिपल्ट फेरि धेरै धन सम्पत्ति लिएर दुवै घर हिँडे । बाटामा रात परेकाले दुवै त्यही बसे । राती फेरि त्यो बाहुन केटाले त्यस केटीलाई मारी भएभरको धनसम्पत्ति लिएर हिँडेछ ।

मैनाले लामो श्वास तानेर भनी कथा सुन्यौ लोग्ने मानिस कति निर्दयी र अपराधी हुन्छन् । त्यसैले म तिमीलाई बास बस्न दिन्न, अन्तै जाऊ । सुगाले भन्यो मैना बहिनी लोग्ने मानिस मात्र कहाँ निर्दयी र अपराधी हुन्छन् र आइमाई झन् खराब हुन्छे । लौ सुन तिमी पनि आइमाइको कथा ।

एकादेशका राजाका छोराले आफूले ज्यादै माया गरेको केटीलाई राजारानीको मञ्जुरी बेगर विवाह गरेकाले उनलाई देश निकाला गरिदिएछन् । ती राजकुमार पनि दरवारी सुखसयललाई छाडेर आफ्नी प्राणप्यारी राजकुमारीलाई लिएर हिँडेछन् । जाँदाजाँदा दुवैजना भोक, प्यास र थकाइले लखतरान भएछन् र जङ्गलको ठुलो रुखको छहारीमा आराम गर्न बसेछन् । थकाइले गर्दा दुवै भुसुक्क निदाएछन् । त्यही समयमा राजकुमारीले ऐया मरे भनेको सुनी राजकुमारले व्युझिएर हेर्दा एउटा कालो सर्प राजकुमारीलाई डसेर भाग्दै रहेछ भने यता राजकुमारीको प्राण पखेरु उडिसकेको रहेछ । राजकुमारले राजकुमारीलाई हल्लाउँदै बोलाए तर राजकुमारी बोलीनन् र चलिनन् पनि राजकुमारले उनी मरिसकेकी थाहा पाएर मृत शरीरलाई अँगालो मारेर खुब रुन लागेछन् । रुँदा रुँदा साँझ परेछ । राजकुमारले सोचेछन् अब दाउरा बटुलेर चिता बनाई त्यही चितामा सँगै जलेर मर्छु भनेर दाउरा बटुल्न थालेछन् । साँझको समयमा यस्तो निर्जन वनमा यसरी ठुलो स्वरले रोएको पुरुषको स्वर सुनेर पृथ्वी घुम्न झरेका महादेव र पार्वतीले पनि सुनेछन् । अति दयालु पार्वतीको

मनमा ठुलो दया जागेकाले महादेवसँग भनिछन् “प्रभु जङ्गलमा साँझको समयमा एउटा पुरुष रोइरहेको छ । पक्कै कुनै ठुलो आपत परे जस्तो छ । उसलाई सहयोग गरौं ।”

महादेवले पार्वतीलाई सम्झाउँदै भनेछन्, “पृथ्वीमा यस्ता दुखी कति हुन्छन् कति हेरेर के साध्य छ, हिँड आफ्नो बाटो ।” दयावति पार्वतीले मानिनन् । महादेव र पार्वती मान्छेको रूपमा त्यो रुँदै गरेको मान्छेको अगाडि पुगेर भनेछन्, “दाउरा पनि बटुल्दै छौ रुँदै पनि छौ के भयो तिमीलाई ।”

राजकुमारले आँसु पुछेर सारा वृतान्त सुनाएछन् । यस दाउराबाट चिता बनाइ दुवै जना जलेर मर्ने भनेको सुन्दा महादेवको मुटुमा च्वास्स घोचेछ र भनेछन्, “त्यसो नगर मैले भनेको मान्छौ भने म तिम्री स्वास्नीलाई बचाइदिन्छु ।”

यो सुनेर राजकुमारले हात जोड्दै भनेछन्, - “म जस्तोसुकै कठिन काम पनि गर्नेछु मेरी राजकुमारीलाई बचाइदिनुहोस् ।”

महादेवले भनेछन्, -“तिम्रा आधी जोवन (आयु) उसलाई दिनुपर्छ । यो कुरा तिमीले कसैलाई पनि भन्नु हुँदैन किनकी यसले तिमीलाई कुनै दिन ठुलो काम लाग्नेछ ।” भनेर राजकुमारीलाई व्युँताइ अन्तर ध्यान भएछन् ।

“राजकुमारी रामराम धेरैवेर पो सुतेछु” भन्दै उठिन् । राजकुमारले पनि आँखाको आँसु पुछेर धेरैबेर अँगालो मारेछन् ।

भोलिपल्ट घुम्दै-घुम्दै उनीहरू एउटा गाउँमा पुगेछन् । त्यो गाउँमा एकजना धेरै धनि जमिन्दार थिए । उनीहरू उसैकहाँ काम गर्न बसेछन् । रहँदा बस्दा जमिन्दारको छोरो र राजकुमारीको मायाप्रेम बस्न थालेछ । त्यस केटाको धनसम्पत्ति र रवाफ देखेर राजकुमारी उतै लहसिन पुगिन् । एकदिन त्यस केटाले राजकुमारीलाई विवाह गर्ने कुरो गरेछ तर राजकुमारीले साथमै लोग्ने भएकाले कसरी बिहे गर्ने भन्दा त्यस केटाले उपाय बतायो, “तिम्रो लोग्नेको अगाडि तिर्खा लाग्यो म इनारको पानी खान्छु भन्नु, उसले म इनारको पानी लिएर आउँछु भन्छ र तिमी पनि सँगै जान्छु भन्नु । जब ऊ पानी निकाल्न इनारमा निहुरन्छ तब उसलाई हुत्याई दिनु,” यो योजना राम्रो लाग्यो राजकुमारीलाई पनि । भोलिपल्ट राजकुमारीले मलाई तिर्खा लाग्यो भनि राजकुमारलाई भनिन् । राजकुमारले तिमी यहीँ बस्दै गर म पानी लिएर आउँछु भन्दा राजकुमारीले

पनि म सँगै जान्छु भनिछिन् । दुवै पानी भएको गहिरो इनारमा पुगेछन् । जब राजकुरमाले पानी निकाल्न निहुरिए त्यही समयमा राजकुमारीले राजकुमारलाई इनारभित्र हुत्याई दिइन् र जमिन्दारको छोरोसँग विहे गरी आनन्दपूर्वक दिनहरू बिताउन थालेछन् ।

उता इनारमा अडिकएर कष्टसाथ दिन बिताइरहेका थिए राजकुमार । एकदिन त्यही बाटो भएर बनियाको वरियात आए र पानी पिउन बाल्टिन झार्दा राजकुमारले समाएछन् । ती वरियातहरूले छक्क परेर राजकुमारलाई निकाली सोधपुछ गरेछन् । राजकुमारले पहिले देखिका सारा वृतान्त सुनाए आइमाइको जात धिक्कार छ राम्रो लोग्ने पाएमा आफ्नो लोग्नेलाई मार्छन् । उनीहरूले राजकुमारलाई हाम्रो हिसाबकिताब गरिदिनु अरू केही गर्नु पर्दैन भनि साथै लगेछन् ।

एकदिन त्यस गाउँमा ठूलो नाचको आयोजना भएछ । त्यस देशका राजा समेत त्यो नाच हेर्न आएछन् । त्यस नाच हेर्न बनियाहरू र राजकुमार पनि गएछन् । नाच सुरु भयो । त्यही राजकुमारको राजकुमारी पो खुब राम्ररी नाच्न थालिछिन् । सबैले ताली बजाए । यहि समयमा ती राजकुमार र राजकुमारीको आँखा जुधेछन् । र एकअर्कालाई चिनेछन् पनि । राजकुमारको आँखामा मायाको भाव देखिन्थ्यो भने राजकुमारीको आँखामा घृणा । ऊ फेरि नाच्न थालिछिन् । राम्रो नाचेवापत त्यहाँ आएका राजाले भनेछन्, “नानी तिमी राम्रो नाच्दी रहिछ्यौ म ज्यादै खुसी भएँ । के माग्छौ म त्यही दिन्छु ।

राजकुमारी झन् बेतोडले नाचिन् र भनिन् “सरकार मैले भनेको पूरा गरिदिने भए मेरो एउटा ठुलो दुष्मन छ । त्यसलाई मारिदिइ बक्स्योस् ।” भनेर त्यही आफ्नो पुरानो लोग्ने (राजकुमार) लाई हरर गएर च्याप्प समातेर भनिन् - “सरकार यहि हो मेरो दुस्मन ।”

राजाले सोध विचारै नगरी पौडेहरूलाई ती राजकुमारीको दुस्मनलाई काटेर मार्ने आदेश दिए । पौडेहरूले पनि उनीहरूलाई चारपट्टि बाँधेर राजको अघि ल्याए राजाले उनलाई भने - “तेरो काल आयो । मर्ने बेलामा के इच्छा छ भन म पूरा गराई दिन्छु ।”

ती चारपट्टी बाँधिएका राजकुमारले पहिले महादेवले “कसैलाई नभन्नु कुनै दिन काम लाग्छ” भनेको सम्झिएर त्यही समयमा काम लाग्छ भनी भनेछन् - “महाराज ! मर्ने बेलामा मेरो एउटै मात्र इच्छा छ । जसले मलाई दुस्मन भनिन् उनी मेरो एकदम आफन्त हुन् । उनले यो समयमा मेरो धेरै अघिको चिज दिन सक्छिन् ?”

राजाले ती नर्तकीलाई “के थियो ? देउ भन्ने बित्तिकै ती नर्तकीले तेरो यति त थियो भन्दै अम्खोरामा पानी लिएर एक फन्को घुम्ने वित्तिकै ती नर्तकी त्यही मरिन् । ती चारपट्टि बाँधिएका राजकुमारको आधी जोवान (आयु) फर्केर आयो राजकुमार जवान देखिए तथा औधी राम्रा पनि भए । यो देखेर सारा छक्क परे । राजा पनि अचम्म मानेर सोधे । ती राजकुमारले अघि देखिको भएभरको सबै हालत बताइ दिए । त्यस पछि ती राजा खुसी भएर आफ्नो छोरीसँग बिहे गराई दिएछन् ।

यस तरहले कथा सुनाइ आइमाई पनि निर्दयी र पापिनी हुन्छे भनेर सुगाले मैनालाई कथा सुनायो । यस समय उज्यालो पनि भइसकेको र हुरी पनि थामिई सकेकाले सुगा त्यहाँबाट उडेर गयो ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा मुखमा आइजाला ।
कथावाचक - मोतिप्रसाद कटुवाल
वर्ष - ६३
ठेगाना - दिक्तेल न.पा. - १४, खाल्ले

### ३.६.४ विक्रमजित राजाको कथा

एकादेशमा एकजना ज्यादै कुशल र जनप्रिय राजा थिए । उनको नाम विक्रमजित थियो । उनी जनताको ज्यादै ख्याल गर्थे । त्यसैले उनी रातभरि आफै पहरा बस्थे ।

एकदिन राजा बिहानीपख आफ्नो बगैंचामा घुम्दै थिए । अचानक त्यहाँ एउटा योगी बसेको देखेर उनी ज्यादै अचम्ममा परे । यत्रो समयसम्म कहिल्यै, कुनै पनि योगी राजाको बगैंचामा त्यसरी बस्दैनथे । पसे पनि राजाको आज्ञा लिएर मात्र बगैंचामा बस्ने व्यवस्था थियो । उनी धेरैबेर घोरिएर विचार गर्दा पनि कसैले कुनै समयमा निवेदन गरेको थिएनन् । राजा पनि योगीको नजिक गएर सोधनी गरे । दर्शन गरे योगी महाराज योगीले पट्टल खोलेर राजको शिरमाथि राख्दै भने “आयुष्मान भव : राजन तिमीदेखि ज्यादै खुसी छु । तिम्रा प्रजा सँधै खुसी छन् । राजको सबैभन्दान ठुलो धर्म यही हो ।” भन्दै राजाको गोजीमा एउटा सानो कागजको टुक्रो हालीदिए । जोगी अलप भए । राजाले केही भन्नै नपाई ती योगी हराएपछि विक्रमजित राजा अलमलमा परे । सपना हो की भनेर आफैलाई चिमोटे विपनै रहेछ । भ्रम परे हो की भनेर आँखा मोडे, साँच्चै त्यहाँ योगी थिएनन्

। एक्कासी योगीले गोजीमा लगाइदिएको कागजको टुक्रो सम्झेर गोजीमा हात हाले । एउटा साच्चै कागजको टुक्रो रहेछ । खोलेर हेरे, लेखेको रहेछ - "वैरीको सत्कार गर्नु ।" फुस्राले के लेखेको ? भन्दै उनी त्यहाँबाट हिँडे ।

त्यसदिन भरी उनको मनमा, "वैरीको सत्कार गर्नु" । भन्ने वाक्यले पिरोलिरहयो । रात पऱ्यो आजको रातपनि आफै पहरा बस्ने निधो गरी तरवार कम्मरमा भिरेर घुमिरहे । रातको दोस्रो प्रहरमा दरवारको पश्चिम दिशातिर एउटी आइमाई हुँ हुँ गरी रोएको आवाज राजाको कानमा ठोक्किन आयो । राजा सतर्क भए । तरवार भ्यानबाट फुत्त झिके । मनमा कताकता स्थान जमायो । त्यो रुवाइ अझ रोकिएन । झन्झन् कडा पो सुनिन थाल्यो । राजा एकक्षण उभिएर सोचे - "यो के हो ? के हुन लाग्यो ?" राजाको कान अझै उतैतिर थिए रुवाइ थामिएको थिएन । नाङ्गो तरवार लिएर राजा आवाज आएतिर पाइला चाले ।

जाँदाजाँदा दरवारको एककोश पर एउटा सानो छाप्रोमा एउटी अधबैंसे महिला जातो पिन्दै र छाती पिट्दै रोइरहेकी थिइन् । राजा संकोचमा परे । अन्तमा राजा ती महिलाको अघि गएर सोधे - "आमा यसरी यो मध्यरातमा किन, के भएर रुँदै हुनुहुन्छ ?" ती अधवैसे महिलाले जातो पिल्न छाडेर आँसु पुछ्दै भनिन् - "नानी यसदेशका राजा विक्रमजित ज्यादै धर्माति थिए । उनको पर्सी औंसीको दिन मृत्यु हुँदैछ भनेर त्यही पीरले रोएकी हुँ ।"

राजा झन्नै बेहोस भए । सम्हालिँदै उनले फेरि सोधे - "ती राजा किन र कसले मार्दैछ । उनी त धेरै बलवान् पनि छन् रे आमा ।"

ती अधबैंसे महिलाले भनिन् - "नानी ती राजाले पूर्व जन्ममा आफ्नो गोठालालाई अनाहकमा मारेका थिए रे । त्यही गोठालाले राजासँग साटो फेर्ने रे ।"

आफ्नो पूर्वजन्मको काम समेत बताएकाले राजा छक्क परे । फेरि उनले ती अधबैसे महिलालाई सोधे, "आमा उसो भए त्यो कहाँ बसेको छ त ?"

ती अधबैसे महिलाले भनिन् - "राजाको दरवारदेखि ठिक आधा कोस पर एउटा पिपल छ त्यही पिपलको टोड्कोमा कालो सर्प बनेर औंसीका दिन त्यो पर्खेर बसेको छ नानी ।" भनेर फेरि हुँ हुँ गरेर रुन लागिन् ।

राजाले लामो श्वास तान्दै भने - “नरुनुहोस् आमा जे हुनु छ त्यो भएरै छाड्छ केही उपाय त होला भन्दै राजा त्यहाँबाट सिधै दरवार फर्के । उनलाई रातभरी निन्द्रा लागेन । साच्चै ती महिला मान्छे होइनन्, देवी हुनुपर्छ । मेरो मृत्यु निश्चित छ यो दरवार, परिवार धनदौलत उनको गहभरी आँसु भरियो । डाको छारेर रुन मन लाग्यो । कायरहरूमात्र मृत्युदेखि डराउँछन् केही न केही उपाय सोच्नु पर्यो भनेर राजाले मनमनै सोच्न लागे । अचानक योगीले लेखेको वाक्य राजको मष्तिष्कमा आयो, “वैरीको सत्कार गर्नु ।” सायद यसै समयका लागि ती योगीले मलाई अघि नै सुचना गरेको हुनुपर्छ । सत्कार गऱ्यो भने वैरीपनि खुसी हुन सक्छ । राजाले त्यो वैरीलाई सत्कार गरेर केही फल मिल्ला कि ? यस्तो सोच्दा सोच्दै राजा कतिवेला निदाएछन् थाहै भएन ।

भोलि अवेला राजाको निन्द्रा खुल्यो । राजा उठेर नित्यकर्म सकेपछि सबै भारदारहरूलाई डाँकी बैठक बसे । राजाले आजको तीन दिन भित्रमा दरबारदेखि आधाकोष पर रहेको पिपलको बोटदेखि आफू बस्ने सीहांसनसम्म रङ्गीविरङ्गी फूलहरूले सजाई बाटा भरी नरम भुँवादार गलैंचा ओच्छ्याउने । यस पिपलदेखि आफु बस्ने ठाउँसम्म तोरण टाँगेर अनेकौं सुगन्धित धुप बाल्ने र ठाउँ ठाउँमा दुध राख्ने आदेश दिए । राजाको आदेश अनुसार औंसीको अघिल्लो दिन मै ती सारा काम तयारी भयो । हेर्दा कुनै देुवताको निम्ति स्वागतको तयारी भएझैं देखिन्थ्यो ।

औंसीको दिन बिहानै ठूलो कालो सर्प रिसले फनफनिदै पीपलको टोड्काबाट उफ्रेर झर्दा उ छक्क पर्यो । पीपलको फेदमा झर्दा यति आनन्द भयो की उ किन यसरी टोड्कोबाट झरेको हो । उसको आधा रिस हरायो । त्यहाँबाट उ दायाँबाँया राखिएको सुगन्धित धूप र दुध पिउँदै र सुगन्ध लिँदै अगाडि बढ्दै गयो । ऊ जति जति अघि जान्छ, उति उति खुसी हुँदै नरम गलैंचामा उफ्रदै विक्रमजित राजाको अगाडि पुग्यो ।

विक्रमजित राजाको अगाडि यति भयङ्कर कालो सर्प फणा उठाएर देखा पर्यो कि उनी दुवै हात जोडेर आँखा बन्द गरे । त्यो सर्पको टोकाइ, आफ्नो असह्य दुखाई, त्यस पछि मृत्यु राजा बेहोस् भए ।

त्यो सर्पले ठुलो आवाजले भन्यो - “राजन तिमीले मलाई हाम्रो पुर्व जन्ममा तिम्रो श्रीमतीसँग लागेको झुटो अभियोगमा मारेर भण्डारको कुनामा गाडेको थियौ । म त आखिर तिम्रो गोठालो थिएँ । म निरपराधी थिएँ । त्यसैले मैले तिमीलाई मारेर साटो फेर्ने प्रतिज्ञा गरेको थिएँ तर तिमी धेरै बुद्धिमानी रहेछौ, मेरो ठुलो सत्कार गऱ्यौ । तिम्रो यी सत्कारले मेरा सबै रीस हरायो । मैले

तिमीलाई जीवनदान दिएँ । तिमी धेरै प्रजाप्रेमी राजा पनि रहेछौ त्यसैले अझै सय वर्ष भोग गर । सर्प त्यही अलप भयो । विक्रमजित राजा आफूलाई मार्न आएको सर्पलाई सत्कार गरी जीवनदान पाएकाले खुसी भए र पुर्वजन्मको काम सम्झेर लज्जित पनि भए ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा मुखमा आइजाला ।
कथावाचक - रामनाथ राई
वर्ष - ५८
ठेगाना - दिक्तेल न.पा. - ५, वाम्राङ

### ३.६.५ नल दमयन्तीको कथा

एकदिन राजा नलको सुनको हाँस दमयन्ती राजकुमारीको वगैंचामा खेल्दै खेल्दै पुगेछ । दमयन्ती राजकुमारीले त्यो अति सुन्दर सुनको हाँस देखेर मोहित भइछिन् र आफ्ना सुसेराहरूलाई त्यो सुन्दर हाँस पक्रेर ल्याउने आदेश दिइन् ।

सुसारेहरूले वलपूर्वक त्यस हाँसलाई पक्रेर राजकुमारी दमयन्तीलाई बुझाएछन् । त्यसपछि त्यस सुवर्णको हाँसलाई राजकुमारीले आफ्नै खोपीमा थुनेर राखिन् । आफु प्यारो राजा नलसँग टाढा हुनुपरेकाले त्यो सुनको हाँसले राजकुमारी दमयन्तीसँग विन्ती गर्न थालेछ । त्यो हाँसले दमयन्तीसँग भन्न थालेछ - "दमयन्ती राजकुमारी मलाई यो कोठाबाट मुक्त गराइदेउ म तिमीलाई हाम्रा राजकुमार नलसँग विहे गराई दिनेछु । उनी ज्यादै राम्रा र असल छन् ।"

राजकुमारी दमयन्ती राजकुमार नलको कुरा सुनेर त्यो हाँससँग सोध्न लागिन् - "तिम्रा राजकुमार नल कस्ता छन् ?" हाँसले भन्न लाग्यो - "उनी ज्यादै सुन्दर र शक्तिशाली पनि छन्, उनले जे छोयो त्यो भरीपूर्ण सत्य हुन्छ । त्यसैले तिमी पनि ज्यादै राम्री छ्यौ, जोडा ठ्याक्कै मिल्छ ।"

राजकुमारी दमयन्ती पनि राजकुमार नलको रूप र शक्ति सुनेर मनमनै खुसी भइन् । उनले हाँसलाई भनिन् - "हे हंस गएर ऐ भनेस् । तिम्रा राजकुमारसँग म बिहे गर्न राजी छु म त ! तर उनको विचार कस्तो छ ? सोधेर आ" यति भनी राजकुमारीले हाँसलाई छोडी दिइन् ।

त्यो सुनको हाँस पनि खुसी हुँदै सरासर राजकुमार नलको खोपीमा पुगेर सारा वृतान्त सुनायो । राजकुमार नलले हाँसको कुरा सुनेर ज्यादै खुसी भई एउटा चिठी लेखेर त्यही हाँसद्वारा राजकुमारी दमयन्तीलाई पठाए । राजकुमारी दमयन्तीको खोपीमा त्यो सुवर्णको हाँस पुगेर राजकुमार नलको चिठी दियो । त्यो चिठी पढेर दमयन्ती ज्यादै खुसी भइन् र त्यस सुवर्णको हाँसलाई ज्यादै माया गरी सुम्सुम्याइन, काखी च्यापिन र चाडै बिहे गर्ने चिठी लेखी त्यही हाँससँग पठाइन् । यसरी नल र दमयन्तीबिच गहिरो माया प्रेम  बस्यो ।

राजकुमारी दमयन्तीले जसलाई वरमाला पहिऱ्याई दिन्छिन् उहीसँग उनको बिहे हुने उनका पिताले घोषणा गरे । यो राजको घोषणा सुनेर सारा राजकुमारहरू राजकुमारी दमयन्तीको वरमाला पैरन लालायित भएर राजकुमारी दमयन्तीको दरवारतर्फ लागे । यता राजकुमार नल पनि आफ्नो प्राणप्यारी दमयन्तीको वर बन्न दरबारबाट रवाना भए । जाँदाजाँदा एउटा ठुलो जङ्गलमा चारै पट्टि भयङ्कर डढेलो जाँदै रहेछ । वीचमा कर्कोटक नाग भाग्ने बाटो नपाएर नललाई देखेपछि - "मलाई यस डढेलोबाट बचाऊ" भनेर आग्रह गऱ्यो । राजकुमार नलले पनि सर्पहरूको विश्वास हुँदैन भनी त्यस नागलाई भनेछन् ।

कर्कोटक नागले दश औंला जोडेर भन्यो "मलाई यहाँबाट बचाउ, राजकुमार म डढेर मर्ने भए, म तिमीलाई केही गर्ने छैन ।"

दयालु राजकुमार नलले पनि त्यस कर्कोटक नागलाई जुरुक्क उचालेर जङ्गल बाहिर ल्याए । त्यही समयमा कर्कोटक नागले नललाई डसिदियो । विषको कारणले नल मसान घाटबाट पोल्दा पोल्दै उम्किएको झै काला न काला भए । उनलाई ज्यादै दु:ख  लाग्यो । आफ्नो रूप हेरेर रुन मन लाग्यो । उनले थाप्लामा हात राख्दै भने - "नागराज ! तिमीले म माथि ठुलो अन्याय गऱ्यौ । सर्प जातिको कहिल्यै विश्वास नहोस्" भनेर श्राप दिइ थचक्क भुँईमा बसे ।

कर्कोटक नागले हात जोड्दै भन्यो - "राजकुमार नल तिम्रो श्राप शिरोधार्य छ ।" तर मैले यसो गर्नुको कारण तिमिलाई कलिले छुने समय भएकाले यसो गरेको हुँ । तिमिलाई कलिले अब चिन्दैन यो एउटा रुमाल दिन्छु, चाहिएको समयमा यो टाउकोमा राख, तिम्रो पहिलेको भन्दा अझ सुन्दर रूप हुनेछ । तिमीले दिएको श्राप भन्दा मेरो ज्यान बचेकोमा म खुसी नै छु ।" त्यही श्रापले सर्पलाई दुध खुवाएर पाले पनि डस्छ भन्ने लोकोक्ती छ ।

त्यही कालो डिङ्गर रूपमा नल दमयन्तीको दरवारमा पुगे । त्यहाँ धेरै देशका राम्रा-राम्रा राजकुमारहरू आइ सकेका रहेछन् । उनी सबै भन्दा छेउमा बसे । राजकुमारी दमयन्तीले आफ्नो खोपीबाट सारा दृश्य हेरी रहेकी थिइन् । कुन हुन् त नल राजकुमार ? अब कसो गर्ने उनी चिन्ताले छट्पटाइन् । राजकुमार नललाई चिन्नको लागी उनको सम्पूर्ण पाहुनाहरूको लागि अलग अलग कोठामा रित्तो गाग्री, रित्तो भात पकाउने भाँडा र खाली चल्हो भएको कोठा दिने आदेश दिइन् । उनलाई सवर्णको हाँसले भनेको कुरा राजकुमार नलले जे छोयो त्यहाँ सबै चिज पूर्ण हुन्छ, भन्ने जानकारी थियो । त्यसैले नललाई चिन्न यसो गरेकी हुन् । उनले आफ्नो एकजना सखीलाई प्रत्येक कोठामा गुप्तरूपले चियो गर्न पनि पठाइन् ।

कोठाको यस्तो अवस्था देखेर सबै राजकुमार छक्क परे र भोकै रात बिताए यता त्यस कालो डिङ्गरले भने चमत्कार देखायो । उनले खाली गाग्रीमा छोयो, पानी गाग्रीमा भरियो, चुल्हा छोयो, आगो बल्न थाल्यो, भाँडा छोयो भाँडाभरि चामल तयार भयो । त्यो भाँडो आगोमा बसाएर भात पकायो । यो देखेर चियो गर्न आएको सुसारे छक्क परेर दौडदै गई राजकुमारीलाई स्वासै नफेरि सारा वृतान्त सुनाई राजकुमारी दमयन्ती ढुक्क भइन् ।

भोलीपल्ट सबै राजकुमारहरू आ-आफ्ना ठाउँमा बसे । राजकुमारी वरमाला लिएर आइन् । सबै राजकुमारहरू आफ्नो ठाउँबाट उठेर शिर झकाउँदै वरमाला पहिरने आशा गरे ।

राजकुमारी दमयन्तीले सरासर गएर त्यही कालो डिङ्गरलाई वरमाला पहिऱ्याई खुट्टामा ढोगीन् । सबै राजकुमारहरू छक्क परे । हामी यति राम्रो हुँदाहुँदै पनि त्यो डिङ्गरलाई पति स्वीकारेकीले आफ्नो अपमान भयो भनी होहल्ला गर्न थाले । “दमयन्ती बौलाई” अब डिङ्गरसँग मसानघाट रुँघ्यो, मुर्दाको मासु लुछ्यो बस्यो । ठुलाठुला स्वरले सबै राजकुमारहरू गलल हाँसे ।

आफ्नो अपमान भएको सम्झेर नलले त्यही कर्कोटक नागले दिएको रुमाल शिरमा राखे । आम्मै ! ती यति राम्रा र चम्किला भए की सबै राजकुमारको आँखा तिर्मिराए । सबै राजकुमारहरू सर्माए र आफु ती राजकुमारको अघि कालो डिङ्गर भएको महशुस गरे । सबै घोसेमुन्टो लगाएर आ-आफ्नो देशतिर फर्किए । राजकुमार नल र राजकुमारी दमयन्ती पति पत्नी भई आफ्नो देश फर्किए ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला

यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा मुखमा आइजाला ।

कथावाचक - सर्मिला राई

वर्ष - ६५

ठेगाना - दिक्तेल न.पा. - ७, वाम्राङ

**३.६.६ भूतको कथा**

एकादेशमा एउटा केटो बस्थ्यो । ऊ गरिब भएपनि परिश्रमी थियो । जग्गा जमिन थोरै थियो । बिहे पछि बच्चाबच्ची पनि भए । खान लाउन पुग्न छाडेकाले ऊ स्वास्नी छोराछोरीलाई घरमै छाडेर परदेश गयो ।

जाँदा जाँदा बाटामा रात परेकाले यता उती घर खोज्यो, केही पर घर देखेर ऊ सरासर त्यहीँ गयो । घर सुनसान र खाली थियो । त्यस केटाले त्यस रात त्यही बिताउने विचारले घरभित्र सरासर पस्यो । घरबाट बोकेको खानेकुरा खाएर ढोका थुनी ओछ्यानमा पल्टियो । रातको बाह्र बजेतिर हावा चल्यो । झ्याल ढोकाहरू चुइँक चुइँक गर्न थाले । बाहिर मानिसहरू रोएको आवाज आयो । धिपधिप बल्दै गरेको दियो पनि हावाले निभाई दियो । केटाको मनमा डर पस्यो ।

ढोका अचानक कुइँक गरेर खोलियो । केटा ओछ्यानबाट उठेर सतर्क भयो ढोकामा एउटी केटी ठिङ्ग उभिई । त्यो केटो निकै डरायो र साहस बटुलेर त्यो केटाले सोध्यो को हौ तिमी ? केटी केही नबोली रुन लागी । उसले फेरि प्रश्न गऱ्यो - “को हौ, अनि किन नबोलेकी ?”

केही नबोली त्यो केटीले हातको इशाराले खाटमुनि देखाई । हेर्दा हेर्दै त्यो केटी त्यही विलाई भाले पनि बासेको सुनियो, पारी गाउँतिर । त्यो केटाले उठेर खाटमुनि हेऱ्यो । त्यहाँ त एउटा काठका बाकसमात्र छ । किन त्यो केटीले यस बाकसमा औंल्याई हेर्न पो पऱ्यो भनी बाकस तानी खोलेर हेऱ्यो । ओहो ! त्यहाँ त नरकंकाल पो रहेछ । राति आउने केटी त्यसैको आत्मा पो रहेछ भनेर त्यो केटो निकै डरायो पनि । त्यस केटीको आत्मालाई मुक्ति दिनु मानवीय कर्तव्य ठानेर त्यस केटोले त्यो नरकंकाललाई जलाई दियो र त्यहाँबाट आफ्नो बाटो लाग्यो ।

पाँच छ वर्ष परदेशमा काम गरेपछि केही धन जम्मा भयो । उसले आफ्ना घरपरिवार सम्झियो । धेरै वर्ष भयो घर छाडेको पछि फेरि आउँला भन्ने सोचेर उसको बाटाको लागि सामलतुमल झोलामा हाल्यो र भोली पल्ट बिहानै ऊ घर जान भनि हिँड्यो । जाँदा जाँदा त्यही

पहिले बास बसेको घरमै झमक्क साँझ पऱ्यो । ऊ त्यहाँ बस्ने आँट गरेन क्या हो क्या हो, रात अर्काको, बरु अलि पर पाखैमा बस्नु पऱ्यो, भन्ने सोचेर केही पर गयो । त्यहाँ उसले स्याउला स्याउली भाचेर बस्ने ठाउँ बनायो । उसले बोकेको फुको खानेकुरा खाएर ढल्कियो । ऊ निदाउन लागेको मात्र के थियो, अनौठा आवाजहरू आउन थाले । घरी सेना, पुलिस, बुट लगाएर गन्याप गन्याप हिँडे जस्तो, घरी गह्रौ भारी बोकेको ढाक्रे हइँहइँ गरे जस्तो, घरी ठूलो दैत्यले मान्छेको हड्डी गड्याङ गड्याङ चपाए जस्तो । त्यो केटो निदाउन सकेन । ऊ तन्ना घुम्लुङ्ग ओढेर बस्यो । तन्नाको दुवै छेउबाट आँखाले बाहिर तिर हेऱ्यो । बाफ रे ! अलि परको मूल बाटोमा कोदाली जत्रै अगाडिका हाँसी दाँत र हात्तीको जस्तै दुइओटा दाँत उँधो र दुई ओटा उँभो निस्किएको र जिब्रोबाट आलो रगत तपतप चुहाउँदै एउटा भयङ्कर भूत काँधमा मान्छेको रगत चुहुदै गरेको पुरै खुट्टा बोकेर हिडिरकेको, उसले तन्नाले दुवै आँखा छोप्यो । त्यसपछि उनि निदाएन । रात फर्लङ्गै काट्यो र राम्रो उज्यालो भएपछि मात्र ऊ त्यहाँबाट हिँड्यो ।

तीन चार दिनपछि त्यो केटो ठुलो साँझमा घर पुगे । भित्र आगो बलेको देखेर ऊ सरासर घरभित्रै पस्यो । उसकी स्वास्नी नानी काखमा राखेर भात पकाउँदै रहिछे । ऊ झोला फ्यास्स भुइँमा फ्यालेर थचक्क बस्यो । गलेर लखतरान भएकोले उसले केही बोल्न चाहेन । उसकी स्वास्नीले केश फिजाएकीले अनुहार देखिएको छैन । म ढिलो आएकोले रिसाएकी रहिछे, ठिकै छ भरै भरै बोलौंला भन्दै ऊ भित्तामा अडेस लागेर बस्यो । अचानक उसका आँखा उसकी स्वास्नीको अनुहारमा पर्यो । लामा लामा दाह्रा निस्किएकी आँखा लाइटको बल्ब बलेजस्तै रातो टिलिलिट बलेको र जिब्रोबाट आलो रगत तपतप झरिरहेको र काखको नानी मूख आँ गरेर त्यही रगत खाइरहेको । हँ के हो ? भनेर त्यो केटाले आँखा राम्ररी मिचेर हेरेको त त्यो आइमाईले खुट्टा अगेनामा हाली भात पकाउँदै रहिछे । त्यही समयमा त्यो आइमाईले टाउको कऱ्याक्क गरेर टाउको त्यो केटातिर फर्काई । हेर्दै डरलाग्दो उसको अनुहार देखेर उ झटारो झैं हानिएर घर भित्रबाट निस्केर भागे । त्यो आइमाईले पनि पछि पछि शिकार उम्कियो भन्दै लखेट्न लागि । त्यो केटो श्वासनवास हुँदै पल्ला गाउँ पुगेर सारा वृतान्त सुनायो । गाउँलेहरूले धन्न बाँचेछौ भन्दै आजभन्दा दुई वर्ष अगाडि तिम्रा जहान भोकले सबै घरभित्र मरेका थिए । अहिले सबै जागित्र भएका छन् भनेर बताए । त्यही समयमा त्यो केटो माना दुएक रगत वमन गरी त्यहीँ मऱ्यो ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा मुखमा आइजाला ।

कथावाचक - नेत्र राई

वर्ष - ६३

ठेगाना - दिक्तेल न.पा. - १४, खाल्ले

### ३.६.७ पाँच पाण्डवको स्वर्गारोहण

महाभारतको युद्धमा पाण्डवको विजयपछि हस्तिनापुरको राज्य पाण्डवहरूको हातमा पर्यो । धेरै वर्षको राजसुख भोग पश्चात पाण्डवहरूको स्वर्गारोहण हुने भएकाले पाँच पाण्डव, द्रौपदी र एक कुकुर सहित जिउँदै स्वर्ग हिँडे जाँदाजाँदा हिमालय पर्वतमा पुगे । सबै भन्दा अगाडि युधिष्ठिर थिए । हिँड्दै जाँदा भिम सर्वप्रथम पृथ्वीमा गिरे । उनले रुँदै भने दाजु म किन ढले ? मलाई पनि सँगै लैजानुहोस् । म मर्न लागेँ दाजु ! मेरो के अपराध थियो र हजुरहरूसँगै स्वर्ग जान सकिन ?

युधिष्ठिरले पछि नफर्की उत्तर दिए, “भाइ ! तिमी संसारमा म जत्तिको बलवान कोही छैन भन्ने घमण्ड गर्थ्यौ, त्यही घमण्ड तिम्रो मृत्युको कारण बन्यो ।”

फेरि हिँड्दै जाँदा नहकुल लडे । उनले पनि रुँदै भने, “दाजु ! मेरो के अपराध थियो र बीच बाटो मै यसरी मर्न लाँगे ?”

युधिष्ठिरले पछि नफर्की उत्तर दिए - “भाइ तिमी संसारमा म जत्तिको ज्ञानी र आज्ञापालक कोही छैन भन्ने घमण्ड गर्थ्यौ, सोही कारणले आज तिम्रो यो गति हुँदैछ ।” बिस पच्चिस कदम पर गएपछि सहदेव लडे । उनले पनि रुँदै भने - “दाजु म चाहिँ के पापले मर्न लागेँ ?” युधिष्ठिरले पछि नफर्की उत्तर दिए - “तिमी म भन्दा सुन्दर यो संसारमा कोही छैन भन्ने घमण्ड गर्थ्यौ र सोही कारणले मर्यौ ।” फेरि हिँड्दै जाँदा अर्जुन लडे । उनले पनि दाजुलाई रुँदै भने - “मेरो के अपराध थियो र बिच बाटामै यसरी मर्न लागेँ ?” युधिष्ठिरले पछि नफर्की उत्तर दिए - “भाइ तिमी संसारमा म जतिको चलाख र धनुर्विद्यामा श्रेष्ठ कोही छैन भन्ने घमण्ड गर्थ्यौ, त्यही घमण्ड तिम्रो मृत्युको कारण बन्यो ।”

आधा घण्टाको यात्रा पश्चात द्रौपदी लडिन् । उनले पनि रुँदै सोधिन् - “मैले के अपराध गरेकी थिए र बिचमै मर्न लागे ?”

पछि नफर्की युधिष्ठिरले उत्तर दिए - "हे द्रौपदी ! तिमी हामी पाँच भाइकी श्रीमती हौ तापनि तिमी अर्जुनलाई मात्र माया गर्थ्यौ र उसको विशेष ख्याल गर्थ्यौ । आज त्यही पक्षपातको कारण तिमी बिच बाटामै मर्यौ ।"

सबै बिच बाटामा मरिसके । हिमालयको टुप्पोमा युधिष्ठिर र एक कुकुर मात्र पुगे । सोही समयमा इन्द्र विमान लिएर आइपुगे । विमानमा युधिष्ठिर र कुकुर चढ्न लाग्दा कुकुरलाई स्वर्ग लान मिल्दैन भनी रोके । युधिष्ठिरले भने - "हे देवराज ! यो सुरुदेखि मलाई पच्छ्याई रहेछ । यसलाई छोडेर म एक्लै स्वर्ग गएँ म अधर्मी हुनेछु तसर्थ त्यो पापदेखि जोगिन यो कुकुरलाई स्वर्ग लान नमिले म यसैको साथ लाग्नेछु । तपाई फर्कनुहोस् । त्यही समयमा त्यो कुकुर धर्मदेवको रूपमा परिवर्तन भए ।

धर्मदेवले, युधिष्ठिरलाई धन्यवाद दिंदै भने, "मैले युधिष्ठिरको परीक्षा लिन यसरी कुकुरको रूप लिएको हुँ । धन्य छौ युधिष्ठिर ! तिमीभन्दा धर्मात्मा यो संसारमा कोही छैन, हिँड जाउँ ।" तीनैजना विमानमा बसेर स्वर्गलोक पुगे । त्यहाँ युधिष्ठिरको निमित्त भव्य आसन बनाइएको थियो । इन्द्रले सो आसनमा बस्न आग्रह गर्दा युधिष्ठिरले भने - "हे देवराज इन्द्र मेरा भाइहरू कहीं देखिन्दैनन् । कहाँ कुन अवस्थामा छन् ? सो नहेरी म यो आसनमा बस्न सक्दिन । एक पटक मेरा भाइहरू हेर्न पाउँ ।

इन्द्रले युधिष्ठिरका भाइहरू भएका ठाउँ नर्कमा एक मिनेटको लागि लिएर हिँडे । त्यहाँ त दुर्गन्धै दुर्गन्ध थियो । जतातत्तै फोहोर, बाटाभरी काँडा र सीसाका टुक्राहरूले हिड्नै मुस्किल थियो । वाँक वाँक लाग्ने दुर्गन्धित बाटाहरूमा दिसा र मरेका जनावरहरूको शरीरमा स्याउँ स्याउँ कीराहरू चलिरहेका । भिँगा भन्किरहेका थिए । नाकमुख थुनेर युधिष्ठिर अघि बढ्दै थिए । उनले भीमको करुण कन्दन सुने । जहाँ भीनसेन तातो तेलमा पाक्दै थिए । "जीवनभर दाजुको आज्ञा मानिरहें । अधर्मको विरुद्ध कर्म युद्ध लड तर आज यसरी तातो तेलमा पाकिरहेको छु । मरेँ साह्रै पोल्यो दाजु ! यो नर्क कुण्डबाट चाँडो छुटाउनुहोस् ।"

केही भन्नै नपाई इन्द्रले युधिष्ठिरलाई अगाडि बढाए । केही पर त भन् अर्जुनलाई पाता फर्काएर शरीरको मासु ताछ्दै गरेको देखे । अर्जुनले भने - दाजु ! तपाई एकक्षण यहीँ बस्नुहोस् । तपाइको आगमनले शीतल हावा चल्यो । युधिष्ठिरको गह आँसुले भरियो । केही भन्ने नपाई फेरि उनलाई यन्द्रले अगाडि बढाए । त्यहाँ उनले नहकुललाई आराले घाँटीमा रेटिरहेको देखे । रगत

भलभल बगेर भुँइ रात्तै भएको थियो । पीडाले गर्दा उनले युधिष्ठिरलाई सम्बोधन पनि गर्न नसकी मुख आँ ! गरिरहे । युधिष्ठिरको कलेजा फाट्यो । मुटु चोइटा चोइटा भयो । आँसुले परेलिको संघार काटेर तपतप भुँइमा झर्न लाग्यो । भाइलाई अँगालो मार्न हात उठाएका मात्र के थिए, इन्द्रले अगाडि रथ बढाइहाले । अर्को ठाउँमा सहदेवलाई दिसामा मुन्टो गाडेर खुट्टा ठाडो पारिरहेको देखे । युधिष्ठिरको हृदय छियाछिया भयो । फेरि उनलाई अगाडि बढाइयो । त्यहाँ युधिष्ठिरले द्रौपदीलाई नाङ्गै बनाएर आगोको ज्वालामा धकेलेर आधी जल्दै गरेको देखे । युधिष्ठिर आत्मविभोर भएर रथबाट झट्ट ओर्लेर भुइँमा बसेर रुन लागे ।

इन्द्रले भने - “धर्मदेव युधिष्ठिर ! एक मिनेटको समय सिधिन लाग्यो चाँडो अब फर्कौं ।”

युधिष्ठिरले रुँदै भने - “हे देवराज ! मेरा यत्रा सुरवीर भाइहरू यसरी नर्कको दुःखमा पिल्सिरहेका समयमा म कुनै सुख भोग चाहन्न मेरा निम्त सँधै सेवा गर्ने यी भाइहरूसँग बस्न राजी छु । तपाई फर्कनुहोस्, यो नै मेरो स्वर्ग हो ।”

हात जोड्दै इन्द्रले भने - “माफ पाउँ धर्मदेव युधिष्ठिर ! मैले तपाइको परीक्षा लिएको मात्र हुँ । तपाईको केही अधर्म पाउन सकिन । तपाईका यी सबै भाइहरू स्वर्गमा छन्, लौ हिड्नुहोसे हेर्न ।”

इन्द्र र युधिष्ठिर दुवै स्वर्ग फर्किए । सबै भाइहरू स्वर्गको आ-आफ्नो स्थानमा विराजमान थिए । युधिष्ठिरको आँखामा हर्षको आँशु उर्लियो, “हे देवराज ! यो परीक्षाले मलाई ज्यादै पीडा दियो । यसरी अरुलाई पीडा दिनु पाप हैन र” । इन्द्रले मुस्कुराउँदै भने - “हे धर्मदेव ! यो तपाईले पृथ्वीमा हुँदा एक पटक झुटो बोल्नु भएको थियो । त्यही अपराधले गर्दा तपाईलाई एक मिनेट नर्क लानु परेको हो । त्यो अपराध तपाईलाई पनि थाहा होला । एक पटक महाभारतको युद्धमा द्रोणाचार्यको छोरा अस्वत्थामा नमरेको वा मरेको पक्का नभई थाहा हुँदाहुँदै पनि मरेको हो भन्ने संकेत गर्नु भएको थियो । याद होला त्यस दिनको सेनापनि द्रोणाचार्य थिए । उनलाई कसैले पनि जित्न नसक्ने थियो । पुत्रशोक नपरी उनको मृत्यु नहुने वरदान थियो । उनलाई नमारे कौरवहरूको जित निश्चित थियो । त्यसका लागि उनको छोरा अस्वत्थामाको मृत्युको झुटा खबर फैलाइयो ।

अश्वत्थामाको मृत्यु खबर कौरव सेनाभर फैलियो । गुरु द्रोणले पनि यो खबर सुने । जसलाई सोधेपनि मरेको हो भन्ने खवरले द्रोण पुत्रशोकले शोक विह्वल भए । यो कुरा सत्यवादी युधिष्ठिरको

मुखबाट सुनेपछि मात्र पक्का हुन्छ भनी द्रोणले तपाइलाई सोध्दा भन्नु भएको थियो । अश्वत्थामा मरेको खबर त छ गुरु, नर वा कुन्जरै हो । यही समयमा पाण्डव सेनाको ठूलो शंख ध्वनीले गर्दा नर वा कुञ्जरै हो भन्ने अन्तिम वाक्य सुन्नै तपाई छोरा मरेको शोकमा सबै हतियार याग गरे । यहि समयमा पाण्डव सेनाले गुरु द्रोणको शीर छेदन गरे । त्यही अपराध तपाईमा रहेकाले तपाईलाई एक मिनेट नर्क पुऱ्याइएको हो । अब तपाईहरू सबैको पाप नाश भइसकेकाले शान्तिपूर्वक आ-आफ्नो स्थानमा राज होस् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा मुखमा आइजाला ।

कथावाचक - पर्शुराम राई
वर्ष - ६९
ठेगाना - दिक्तेल न.पा. - १४, खाल्ले

### ३.६.८ रैछाकुलेको कथा

उहिल्यै एउटा गाउँमा दुई दिदी र एकजना भाइ बस्थे । उनीहरू ज्यादै गरिब थिए । सम्पत्तिको नाममा एउटा सिलिबरे थाल र ढिक्की मात्र थियो । ती दुई दिदीहरूमा जेठीको नाम तोयामा र कान्छिको नाम खियामा थियो र भाइको नाम रैछाकुले थियो । दुई तीन दिन भएको थियो तिनीहरूले केही नखाएको । ढिक्कीमा कोही धान कुट्न आए ओखलको भाग छाडी दिन्थे र पकाई खान्थे । धेरै दिन पछि धान कुट्ने मान्छे आए । उनीहरूले ओखलको भाग भनेर एकमाना चामल ओखलमा छाडी गए । तोयामा खियामाले त्यो चामल नपखाली हतार हतार भात बसाए । रैछाकुले आज दङ्गसाथ थियो । उ थप्पडी बजाउँदै अगेना वरिपरि छिटो पाक छीटो पाक भन्दै उफ्रदै थियो । संयोगवस उनले अगेनाको दाउरा टेकिदियो । जसले गर्दा चुल्हामा उम्लिदै गरेको भात गरल्यामै अगेनामै घोप्टियो । तीनैजना निराश भए । उसलाई दिदीहरूले भक्कु कुटे । कुटाइ खाँदा खाँदा रैछाकुले त मुर्छा नै पऱ्यो । उसको दुई दिनसम्म होस नखुले पछि भाइ त मरेछ भनेर दुवै दिदी बहिनीले सोचे । अब हामी यहाँ बस्नु हुँदैन भनी रैछाकुलेको सिरानीमा एउटा कर्द र एककोसा केरा राखिदिएर हिँडे ।

भोलिपल्ट रैछाकुलेको होस् खुल्यो । यताउनी हेऱ्यो, दिदीहरूलाई बोलायो कोही नबोले पछि उसले केराको कोसालाई कर्दले काट्दै फाल्दै गर्न थाल्यो । एकैछिनमा केराका धेरै बिरुवाहरू उम्रन

थालेछन् । त्यसमध्ये एउटा राम्रो केराको छावामा रैछाकुले बस्यो । अनि त्यो केराको छावा पनि चाँडो बढ्दै बढ्दै ठुलो भयो । त्यो केरा पनि चाँडै पसायो र पाकि पनि हाल्यो । रैछाकुले त्यही पाकेको कुरा खाँदै बाटोमा बस्न थाल्यो । उसका दिनहरू यसरी नै बित्दै गयो । दिदीहरूलाई पनि भुल्दै गयो ।

त्यही गाउँमा एउटी राक्षसनी बुढी पनि बस्थी । उ मसिना नानीहरूलाई ललाई फकाइ घर लान्थी र पकाएर खान्थी । रैछाकुले एक्लै भएको थाहा पाई र उसलाई पनि खाने सोचले ऊ रैछाकुलेको घरमा गई । रैछाकुले केराको ठुलो र अग्लो बोटमा बसेकाले राक्षसनीले समाउन सकिन । त्यसैले एउटा युक्ति निकाली । यसलाई केरा माग्छु र केरा दिएको बेला तानी झार्छु भनी - "ए रैछाकुले ! केरा राम्रा पाकेछन् मलाई पनि देन ।" रैछाकुलेले पाकेको केरा टिपेर माथिबाटै फालिदियो । राक्षसनी बढीले कुरा मिलाउँदै भनी म हातमा दिएको मात्र खान्छु । रैछाकुलेले पनि पोकेको केरा टिपेर बोटको केही तल झरेर दियो । त्यही समयमा राक्षसनी बुढीले रैछाकुलेलाई तानेर केराको बोटबाट झारी र बोरामा हालेर घरतिर हिँडी । जाँदाजाँदा राक्षसनी बुढीलाई पिसाब आएकाले ऊ पिसाब फेर्न खोल्सातिर लागि । त्यही सयमा रैछाकुले बोराबाट बाहिर निस्क्यो र बोरामा ढुङ्गा भरिदिई फेरी केराको बोटमा नै गएर बस्यो । उता राक्षसनी बुढी पिसाब फेरि सकेर बोरा बोकी घरतिर हिँडी । भरमा पुगेर बोरा खोलेको त ढुङ्गै ढुङ्गा पो । राक्षसनी बुढी ज्यादै रिसाई आँखा राताराता पारी दाह्रा किट्दै लामो लामो श्वास फेर्न थाली ।

राक्षसनी बुढी फेरि रैछाकुलेको घरमा गई त्यसरी नै रैछाकुलेलाई बोरामा हाली कतै पनि नबिसाई घर पुगी । बोराबाट रैछाकुलेलाई निकाली र एउटा कोठामा थुनी । आज यस केटाको मासु मज्जाले खाने सुरले उसको छोरीलाई भनी - "आज यसलाई खानुपर्छ । म तेरा मामाहरूलाई लिन जान्छु । तँ यसलाई काटेर यसको रगत डुँडमा (काठ खोपेर बनाएको एक प्रकारको लाम्चो भाँडो) भरेर अगाडि राखिदे र मासु चाँहि राम्ररी पकाएर राखेस् ।" भन्दै हिंडी

यी सम्पूर्ण आमाछोरीको कुरा रैछाकुलेले सुनिरहेको थियो । ऊ, अब मरिने भइयो भनेर धेरै छट्पटायो, भाग्ने विचार गऱ्यो तर कतैबाट भाग्ने ठाउँ पाएन । एक्कासी राक्षसनीको छोरीले ढोका खोल्दा ऊ नराम्रोसँग झस्कियो । त्यो केटीले रैछाकुलेलाई राम्ररी हेरी । रैछाकुले खिस्स हाँस्यो । रैछाकुलेको सेतो दाँत देखेर त्यस केटीले भने - "आब्बुई तिम्रो दाँत कति राम्रा, के गरेर यस्तो बनायौ ?" रैछाकुलेले पनि अब बाच्ने उपाय यहि छ भनेर सम्झियो र तुरुन्तै उत्तर दियो - "म सँधै ढिकीले दाँत माझ्छु अनि पो राम्रो भएका हुन् त । तिमी बनाउने भए बनाउ यस्तै राम्रा हुन्छन् ।"

केटीले पनि हुन्छ भनी र दुवै ढिकीमा पुगे । रैछाकुलेले ढिकी उचाल्यो र केटीलाई ओखलमा सुतेर दाँत देखाउन लगायो । केटीले त्यसै गरी र त्यही समयमा रैछाकुलेल छिटो छिटो ढिकी कुट्यो । केटी स्वर्ग भई । झटपट रैछाकुलेले त्यसको गुन्युचोली लगायो । त्यसपछि राक्षसनी बुढीले भनेझैं त्यस केटीको रगतले डुँड भरी ढोकामा राखीदियो अनि काटकुट गरी मासु पकाइ दियो । अगेनामा चिम्टा तताई उ लुकेर बस्यो ।

केही समयपछि राक्षसनी बुढी एक्लै हस्याङ र फस्याङ गर्दै आई पुगी । उसले भने झैं राखिदिएको खुन तनतन पिइ र भित्र पकाएको मासु कच्यामकुरुम एक्लै खाइसकी र ओछ्यानमा लमतन्न परेर सुती । यही मौका छोपेर रैछाकुलेले अघिनै तताइराखेको चिम्टाले राक्षसनी बुढीको एउटा आँखा च्वाम्मै रोपिदियो । राक्षसनी बुढी छटपटाउँदै उठी उसको एउटा आँखा त जस्ताको तस्तै रहेछ । यही समयमा रैछाकुलेले आफूले लगाएको गुन्यु चोली फ्यालेर करायो - “राक्षसनी बुढीले आफ्नै छोरी खाई ।” राक्षसनी बुढीले रैछाकुलेलाई चिनी र रिसले खेद्न उठी । रैछाकुलेले पनि खेप्लौं (मकै भुट्ने हाँडी), खरानी र अण्डा बाकेर भाग्यो । भाग्दा भाग्दा राक्षसनी बढीले भेट्न आँटी त्यही समयमा रैछाकुलेले खरानी मन्तरेर हान्यो । त्यहाँ कता हो कता बादल उठ्यो । यही समयमा रैछाकुले छिटो छिटो दौडेर एउटा ठुलो ढुङ्गामा बिसायो । रैछाकुलेले पनि फर्केर हेरेको त राक्षसनी नजिकै आइपुगी छ । उसले फेरि हतार-हतार खेप्लोलाई मन्तरेर हान्यो । फेरि त्यहाँ अप्ठ्यारो र ठुलो भीर बन्यो । रैछाकुलेलाई विश्वास लाग्यो यो भीर काटेर राक्षसनी आउन सक्दिन । एकैछिन पछि राक्षसनी बुढी त्यो भीर काटेर रैछाकुलेलाई खेद्न थाली । रैछाकुलेले मन्तरेर कुखुराको अण्डाले आन्यो तब त्यहाँ ठुलो नदी बन्यो । त्यही नदी तर्न लाग्दा राक्षसनी बुढीलाई बगायो । । यता रैछाकुले पनि आनन्दले मावलीघर पुग्यो ।

केही समयपछि त्यो राक्षसनी बुढी पनि त्यही आइपुगी । रैछाकुलेले मामाहरूलाई केही नभनेकाले त्यही बसी । केही दिनपछि रैछाकुलेको मामाले उसलाई र बुढीलाई बाटाका लागि खाजा छ भनेर बिदा गरे । जाँदा जाँदा दुवैजना बिसाएर खाजा खान बट्टा खोले राक्षसनी बुढीको बट्टाबाट एउटा अजङ्गको बाघ निस्केर बुढीलाई खाई अलप भयो भने रैछाकुलेले बट्टा खोल्दा एउटा सुन्दर महल खडा भयो । रैछाकुले पनि आनन्दले त्यस महलमा बस्यो ।

एक्लो जीवनमा दरवार पनि नियास्रो हुन्छ भने झै केही समयपछि रैछाकुलेलाई पनि नियास्रो लाग्न थाल्यो । उसले दिदीहरूलाई सम्झ्यो । उमेर विवाह गर्न लायक भएकाले दुलही खोजी ठीक पाऱ्यो । आफ्नो बिहेमा दिदीहरूलाई डाक्न कुखुराको भालेलाई पठायो । भाले पनि रैछाकुलेको

विवाहको निम्तो गर्न उडेर तयामा, खियामाको घरको धुरीमा बसी “कुखुरी काँ” नामा (दिदी) तयामा खियामा भन्न लाग्यो ।

तयामा खियामा छक्क परे । आँगनको डीलबाट धुरीतिर हेर्दै भने “ए भाले ! तैंले के भन्ने खोजेको ?” यही आँगनमा आएर भन । त्यो भाले पनि आँगनमा झरेर रैछाकुलेको विावह हुने भएकाले उसले दिदीलाई लिन पठाएको कुरा गर्यो । दुवै दिदी बहिनी भाइ ज्युँदै रहेको र झन् बिहेको निम्तो आएकाले ज्यादै खुसी भएर बिहेमा जान तयार भए ।

कुखुराको भालेसँगै उड्दै उड्दै रैछाकुलेको घर पुगे । बिहेको बाजा बजिरहेको र इष्टमित्रहरू जम्मा भएका रहेछन् तर ति दिदीबहिनलाई भने सरासरी भाइको घर जाने आँट भएन । उनीहरूले भाइ मर्यो भनी छाडेर गएका थिए । त्यही घटनाले दिदीबहिनीहरूको पाइला रोकिएको थियो । दिदीहरू घरमा आउन आनाकानी गरेकाले आफै आई भन्यो - “नानाचेव खिमदा वाङनिना ( दिदीहरू घरमा आउनुहोस् न) ।

भोलिपल्ट दिदीहरूलाई विदा गर्न रैछाकुलेले खुर्बु (राईहरूको बिहेमा छोरीचेलीलाई दिइने कोसेली जो आजपनि राई समुदायमा यो चलन रहेको छ ) दिएर बिदा गऱ्यो । त्यसपछि रैछाकुले आनन्दले बस्यो । दिदीहरू भने त्यहाँबाट उडेर आफ्नो थलो तुवाचुङ डाँडा (हाल खोटाङ जिल्ला सदरमुकामदेखि दक्षिण अर्खौले गा.वि.स.) गई बसे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा मुखमा आइजाला ।

कथावाचक - पर्शुराम राई
वर्ष - ६९
ठेगाना - दिक्तेल न.पा. - १४, खाल्ले

### ३.६.९ राजा र जुरेलीको कथा

एकादेशमा एकजना निर्दयी राजा बस्थे । उनी जनताहरूलाई दुःख दिँदा उनीहरूबाट निस्केको चिच्याहटलाई संगीत झै सम्झेर आनन्द लिन्थे । उनको यस्तो व्यवहारले त्यस देशका सारा जनता देश छाडेर अन्त कतै आनन्दसँग बस्न चाहन्थे तर जाने त्यस्तो कुनै ठाउँ नभएकाले राजाको दुर्व्यवहार सहेर बस्न बाध्य थिए ।

एकदिन राजा बगैंचामा बसेर आराम गरिरहेका थिए । त्यही समयमा एउटा जुरेली चरा आएर रुखको हाँगामा बस्यो । त्यो जुरेली हाँगामा बसेर भन्न थाल्यो - "राजा खराब, म असल, राजा खराब, म असल ।" ती राजाले हेरे रुखमा एउटा जुरेली हाँगामा बसेर कराइरहेको थियो । राजाले प्रश्न गरे - "के हो ? त्यो के भनेको ? फेरि भन ।" जुरेलीले भन्यो - "तिमी खराब, म असल ।" राजा रिसले चुर भए । उठेर चरालाई मार्न तरवार म्यानबाट फुत्त निकालेर चरालाई मार्न भनी लेखट्न थाले । जुरेली रुखको ओल्लो हाँगा र पल्लो हाँगा गर्न थाल्यो । फेरि राजाले जुरेलीलाई लखेट्न छाड्नने । लखेट्दा लखेट्दै राजको खुट्टा ठोक्किएर लडे ।

जुरेली रुखको हाँगामा बसेर हाँस्दै भन्न - "थाल्यो राजा मूर्ख म विद्वान, राजा मूर्ख म विद्वान ।"

राजा रिसले दाह्रा किट्न थाले तर फेरि लखेट्न भने आँट गरेनन् । सेना र पुलिसलाई त्यो जुरेलीलाई ज्यँदै पक्रने आदेश दिए । सेना र पुलिसहरूले पनि बलपूर्वक जुरेलीलाई ज्युँदै पक्रेर राजालाई बुझाए । राजाले पहिलेको रिस थाम्न नसकी त्यसलाई काट्ने आदेश दिए । राजाको आदेश मुताबिक जुरेलीलाई काटेर टुक्राटुक्रा पारियो ।

त्यो टुक्रा टुक्रा भएको जुरेलीले आवाज निकाल्यो - "राजा यौटा, म धेरै, राजा यौटा, म धेरै ।"

राजाको रिस थामिएन । उनले त्यस जुरेलीको मासुलाई धेरै तेल लगाएर भुट्न लगाए । राजाको आज्ञा बमोजिम कामदारहरूले जुरेलीको मासु धेरै तेल लगाएर भुट्न थाले । जुरेलीले फेरि कराउन थाल्यो - "राजा खस्रो, म चिल्ले, राजा खस्रो, म चिल्लो ।" रिसले राजाले भुटेको जुरेलीको मासुलाई कपाकप खाए । भित्रबाट कराउन थाल्यो - "राजा बाहिर म भित्र, राजा बाहिर म भित्र ।" राजा दिक्क भए । भुँडिभित्र जुरेलीले उखर्माउलो गर्न थाल्यो । राजाले विचार गरे यसलाई फेरि

काट्नु पऱ्यो । राजाले सुसारेलाई आदेश दिए - "म दिसा गर्छु, त्यसबेला जुरेली निस्कन्छ र निस्कने बित्तिकै तरवारले काट ।" भनेर राजा दिसा गर्न बसे भने सुसारे तरवार लिएर जुरेलीलाई काट्न तयार भए बस्यो । दिसा गर्दा जुरेली भुर्र उठेर गयो । सुसारेले त्यही मौका तरवारले राजाको कन्डेउली ताछिदियो । राजा पीडाले छटपटाउन थाले । जुरेली रुखको हाँगामा बसेर भन्न थाल्यो - "आची पाची राजाको कण्डेउली ताछीतुछी ।"

शारीरिक पीडा र जुरेलीले दिएको मानसिक पीडाले राजालाई सोच्न बाध्य बनायो । उनको शारीरिक पीडालाई बैद्यले औषधिमुलो गरेर निको बनाए तर मानसिक पीडा निको भएन । राजाले फेरी सबै सेना र पुलिसहरूलाई जुरेली पक्रने आदेश दिए । पुलिस र सेनाहरूले जुरेली पक्रेर राजालाई बुझाए । यस पटक राजाले आफ्नो शिरको श्रीपेज लगाइ दिएर राजा बनाइ आफु जुरेली राजाको सेवक बने । (त्यही कारण आज पनि जुरेलीको शिरमा श्रीपेच छ भन्ने जनयुक्ति रहेको छ ।) जुरेली राजाले पनि सारा जनताको दुःख मोचन गरि वैकुण्ठ गए ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला
यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा मुखमा आइजाला ।

कथावाचक - खड्ग बहादुर बस्नेत
वर्ष - ७१
ठेगाना - दिक्तेल न.पा. - १४, खाल्ले

# अध्याय चार

# खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाहरूको अध्ययन

## ४.३ विषय परिचय

लोककथा हाल आएर विभिन्न पत्रपत्रिका तथा पुस्तकका रूपमा प्रकाशित भए तापनि यसको सुरुआति चरणहरू भने सुन्ने र भन्ने परम्पराबाटै विकास भएको हो । हुन त यसको विकासक्रम कहिलेबाट भएको हो त्यो अझ अस्पष्ट नै रहेको पाइन्छ । खोटाङ जिल्लाको हकमा भने लोककथाको अध्ययनको क्रममा विभिन्न क्षेत्रका लोककथा ज्ञाताहरूबाट बुझ्दा तिथि मिति नभए तापनि  मान्छेको विकास क्रमबाटै सुरु भएको हुन सक्ने अनुमान गरिएको छ । लोककथालाई सङ्कलन गरी पुस्तककारको रूपमा वि.सं १९४६ सालमा प्रकाशित ‘वीरसिक्काबाट’ भएको पाइन्छ ।

कल्पनाको उच्च उडानबाट भनिने लोककथामा रोमाञ्चकता बढी हुन्छ, सत्यता खोजिदैन । त्यसैले लोककथाले सामाजिक परिवर्तन भन्दा धर्म र नैतिक बन्धनमा बाँधेर मानिसलाई नैतिक चरित्रवान बनाउने लक्ष्य लिन्छ । पृथ्वीनारायण शाहको समयमा सेनाहरूलाई वीरकथा र वीरगाथा सुनाएर सेनाहरूलाई जोस्याउने गर्थे भने राणाकालमा अनेकौं धर्म,  नीतिपरक तथा राजारानीको कथा सुनाएर नेपाली जनतालाई राजनैतिक परिर्वतनबाट भुलाएर धर्म नीति र राजारानी प्रति बफादारी बनाइएको नेपाली इतिहास छ । खोटाङ दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाहरूलाई निम्न आधारमा अध्ययन गरिएको छ ।

## ४.४ कथा तत्त्वको आधारमा अध्ययन

लोककथा अपठित ग्रामीण समुदायहरूको पुस्तान्तरित सम्पत्ति हो । जो मुखैमा रहेको हुन्छ । यसलाई भन्न थाल्ने बित्तिकै धारा प्रवाहित रूपमा आउँछ । पुस्तान्तरण हुँदै आउने क्रममा लोककथाको केही शब्द, वाक्य र रूप परिवर्तन हुँदै जान्छ । त्यसैले पहिले पहिलेको लोककथाहरू अहिले आउँदा फरक भई सकेका हुन्छन् । ठाँउ अनुसार कही दन्त्यकथा, कही लोककथा, कही कथा मात्रै भने तापनि कथा तत्त्वको आधारमा भने एकै हुन्छन् । नैतिक शिक्षा दिई अधिक मनोरञ्जन प्रदान गर्ने मूल उद्देश्य लिएका लोककथाहरूमा निम्न बमोजिम कथा तत्त्व पाइन्छ ।

### ४.४.१ कथानक

कथामा घटित हुने विभिन्न घटनाहरूको व्यवस्थित योजनालाई कथानक भनिन्छ । कथानकको आधारबाटै कथा अगाडि बढ्दछ । त्यस पछि के होला ? के होला ? भन्ने कौतुहलताले कथा श्रवणमा रोमाञ्चकता बढ्दछ । आधुनिक कथामा जस्तै लोककथामा पनि आरम्भ,, विकास र अन्त्यको संरचनामा रचिएको हुन्छ । लोककथा सुखान्त र दुखान्त दुबै प्रकारका छन् । लोककथाको मूल्यका दृष्टिले खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाहरूको कथानक निम्न प्रकारको रहेको छ ।

“सोझो चोरको कथा” को कथानक एउटा चोर भएर पनि सोझो भएको कारण दु:ख पाएको देखाइएको छ । उक्त कथामा त्यस चोरलाई चोर्ने कला थाहा नभएकोले गर्दा उसको अन्य साथीहरूले पनि चोर्न नपाएका र आफ्नो साथीलाई कुटपिट गरी उसलाई एक्लै छाडेको पाइन्छ ।

त्यसैगरी “हुङ्गीया काठको हुङ्गीया मनचिन्ते काठको वहाना” नामक कथामा पहिलेका राजारानीको व्यवहार, राजदरवारको शासन पद्धतिका साथै आफूले चाहेको वस्तु पाउनै पर्ने मानसिक प्रवृत्ति देखाइएको छ । र यस कथामा विभिन्न जाकु टुना-मुना र मनले चाहेको कुरा एउटा साधारण रुखको काठको सहायताले पाउन सक्ने अति काल्पनिक कथानक प्रस्तुत गरिएको छ ।

त्यसैगरी “सुगा र मैनाको कथा” मा मानवेत्तर प्राणीका रूपमा उभ्याइएको छ । यस कथामा महिला र पुरुष बिच गरिने भेदभाव, माया ममता, व्यवहारको सेरोफेरोमा कथा अगाडि बढेको छ ।

“विक्रमाजित राजाको कथा” मा असल शासक भएर पनि जानी नजानी गरेको गल्तिका कारणले गर्दा राजाको मृत्यु एउटा सर्पबाट हुने भविष्यवाणी हुन्छ र यस कथाबाट आफ्नो शत्रुलाई सानो नसम्झनु र शत्रुलाई शत्रु नदेखेर मित्रवत व्यवहार गरे सफलता र माया पाउन सकिन्छ भन्ने कथावस्तु रहेको छ ।

“नल दमयन्तीको कथा” मा राजकुमार र राजकुमारीको माया पिरती एउटा सुर्वर्ण हाँसको माध्यमबाट भएको र पछि विभिन्न परीक्षाबाट तिनीहरूको विवाद भएको छ ।

यस्तै “भूतको कथा” गाउँले गरीब जीवनको चित्रण गरिएको छ । उक्त कथामा गरिबीले पिरोलिएकोले घरको सदस्यहरू बीच सरसल्लाहमा श्रीमान् धन सम्पत्ति कमाउन परदेश जाने क्रममा बाटोमा भूतप्रेतले सताउने, र परदेशमा धेरै वर्षसम्म काम गरेर धन सम्पत्ति कमाउने प्रलोभनले उसले घर परिवारको याद आउँछ र केही धन सम्पत्ति लिएर घर फर्कन्छ तर घरमा आउँदा परिवार खान नपाएर भोकले सबै मरिसकेका हुन्छन् । उसले बेलुकाको समयमा श्रीमती भान्सामा काम गरिरहेको देख्छ तर ऊ वास्तविक मानिस नभएर भूत भइसेकेकी हुन्छिन् र पछि त्यही श्रीमतीले उसलाई खान खोज्दै लखेटी र भाग्दै जाँदा गाउँ गएर गाउँलेबाट उसले श्रीमती र छोराछोरी खान नपाएर मरिसकेको थाहा पाउँछ ।

पाँच पाण्डवको स्वर्गारोहण “कथा एउटा पौराणिक कथानक भएको कथा हो । यस कथामा पाण्डव र कौरवको युद्ध र पाण्डवका पाँच भाइको कर्मको फलको परीक्षा गरिएको छ । यस कथाको माध्यमबाट आफूले गरेको काममा घमण्ड गर्नाले पाएको दुःख, सुःखमा कथावस्तु अल्झिएको छ ।

त्यसैगरी किराँतीहरूको मिथकीय ऐतिहासिक कथाका रूपमा “रैछाकुलेको कथा” रहेको छ । यो कथा किराँत समुदायमा अत्यधिक सुन्ने र सुनाउने कथा हो । यस कथामा अनाथ टुहुरा दिदी बहिनी र भाइले पाएको पीडा दुःख-कष्ट र अभिभावक गुमाएपछि अभिभावकको भारा सम्हालेको कथा प्रस्तुत गरिएको छ ।

“राजा र जुरेलीको कथा” नामक कथाले मानव र मानवेत्तर पंक्षी जुरेली बिचको अन्तरसम्वाद कथानकका रूपमा आएको छ । यस कथाले मानिसले अरुलाई घृणा अपहेलना हैन माया ममता गरे सम्पूर्ण प्राणी जगतको भलो हुने कुरा देखाइएको पाइन्छ ।

### ४.४.२ **चरित्र**

कथामा प्रयुक्त पात्रहरू नै चरित्र हुन् । पात्र विना कथा बन्न सक्दैन, लोककथामा चरित्रका रूपमा मानव, मानवेत्तर पात्रहरू आएका हुन्छन् । असल खराब, महिला-पुरुष, बालकवृद्ध, धीर प्रशान्त, धिरोद्धत्त, अदभूत, भूतप्रेत, चुडेल-चुडेल्नी आदि पात्रहरूले कथानकलाई तन्काई रोमान्चकता थपेको हुन्छन् ।

खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाहरूमा यस्ता थुप्रै चरित्रहरू रहेका छन् । जस अन्तर्गत धिरोद्धत्त चरित्रका रूपमा-पाण्डवको स्वर्गारोहण कथाको भीम र अर्जुन, हुङगीया

काठको हुङ्गीया, मनचिन्ते काठको वहना कथामा माझीहरूलाई आदेश दिने राजा, राजा र जुरेली कथामा निर्दयी राजा धिरोद्धत प्राकृतिक रहेका छन् । धिर प्रशान्त पात्रका रूपमा पाण्डवको स्वर्गारोहण कथाका युधिष्ठिर आएका छन् । धिरोद्धत्त पात्रका रूपमा विक्रमाजित राजा कथाका राजा आएका छन् । यसैगरी भूतको कथामा भूतप्रेत, रैछाकुलेको कथामा बोक्सी बुढी आदि अद्भूत चरित्रका पात्रहरू पनि देखिएका छन् ।

### ४.४.३ **परिवेश**

दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाहरुको परिवेश अध्ययन गर्दा ती लोककथाहरुमा विशेष गरेर ग्रामिण परिवेशको चित्रण भएको पाइन्छ । गाउँका अशिक्षित एवम् निम्न वर्गीय समाजको दुःख पीडालाई प्रस्तुत गर्नका निम्ति गाउँले परिवेश आएको देखिन्छ । स्थानगत रुपमा हेर्दा पहाड, नदी, झरना, वनपाखा, खेतबारी आदिलाई कथाको परिवेश बनाइएको पाइन्छ । समयका दृष्टिले हेर्दा साँझ, बिहान, दिउँसो, एकदीन, एकरात, अहिले एकादेश उहिल्यै आदि पक्ष कथामा पाइन्छ । वातावरणगत दृष्टिले अध्ययन गर्दा धनी, गरीब, शिक्षित, अशिक्षित, असल, खराब आदि शब्दलाई समावेश गरेर कथाहरु मानिन्छन् । सङ्कलित कथाहरुको परिवेशलाई समग्रमा भन्नुपर्दा अहिलेको समाजको यथार्थ परिवेश भन्दा काल्पनिक, सामाजिक परिवेशलाई बढी झल्काउने प्रयास गरिएको पाइन्छ ।

"सोझो चोरको कथा" लोककथामा अहिलेको सामाजिक परिवेशलाई झल्काएको पाइन्छ । भने "सुगा र मैनाको कथामा कुनै समयको घटनालाई लिएर काल्पनिक समाजको चित्रलाई देखाइएको छ । "नल दमयन्तीको कथा" लोककथामा राजकीय र अद्भूत घटनालाई देखाउन त्यही अनुसार विभिन्न ठाउँलाई उपयुक्त तरिकाले परिवेशका रुपमा समेटिएको पाइन्छ । त्यस्तै "रैछाकुले" कथामा ग्रामिण भेग, किराँती समुदायको निम्न वर्गीय अशिक्षित समस्याले थिचिएको परिवेश पाइन्छ ।

### ४.४.४ भाषाशैली

लोककथाको भाषाशैली सरल, सहज र टेठ प्रकारको हुन्छ । यसमा साहित्यिक भाषाको प्रयोग हुँदैन । खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाहरू पनि त्यहाँका सर्वसाधारण मान्छेले सुन्ने भन्ने भएकाले भाषाशैली त्यहीकै ग्रामीण भाषामा रहेको छ । यस अध्ययन पत्रमा राखिएका लोककथाहरूमा एकादेशमा वा उहिल्यैबाट लोककथा सुरु भई अन्तमा सुन्नेलाई सुनको माला...... जस्ता वाक्यबाट कथा टुङ्ग्याइएको छ । यस्ता वाक्यले कथामा रोचकता थपेको छ ।

सङ्कलित कथाहरुको भाषाशैलीगत दृष्टिले अध्ययन गर्नुपर्दा शब्द, चयन, वाक्यवठन, शब्दको छनोट कथा प्रस्तुतिको शैली र किराँती भाषाका शब्दहरुको प्रयोग सरल र सहज रुपमा रहेको पाइन्छ । सङ्कलित कथाहरुमध्ये प्राय जस्तो शब्दचयन, पात्र, परिवेश अनुसार उचित नै रहेको पाइन्छ । वाक्य गठनका रुपमा हेर्दा सरल र सङ्गतियुक्त भएका सोझो चोर, भूतको कथा र सुगा र मैनाको कथा हुन् भने वाक्य गठन जटिल र सङ्गति विहिन भएका ‘हुङ्गीया काठको डुङ्गीया मनचिन्ते काठको बहना, विक्रमजित राजाको कथा, नल दमयन्तीको कथा, पाँच पाण्डवको स्वार्गारोहण कथा, रैछाकुले र राजा र जुरेलीको कथा पर्दछन् । यस्तौ गरी किराँती भाषा र संस्कृति झल्काउने शब्दहरुको प्रयोग भएको कथा :

“रैछाकुलेको कथा” पर्दछ । जस्तै : “नानाचेव खिमदा वाङ्निना” (दिदीहरु घर आउनुहोस् न ) रैछाकुलेको कथा

“खुर्बु” (कोसेली) “खेप्लो” (हाँडी) - रैछाकुलेको कथा

त्यसैगरी “राजा र जुरेलीको कथामा पूर्व र पश्चिमी क्षेत्रमा भाषागत रुपमा शब्दहरुको प्रयोग भएको पाइन्छ । जस्तै : “आची पाची राजाको कण्डेउली ताछीतुछी” (राजा र जुरेली)

### ४.४.५ उद्देश्य

मनोरञ्जन प्रदान गर्नु नै लोककथाको मूल उद्देश्य हो ।  तथापी यसमा नैतिक शिक्षा प्रदान गरी समाज र व्यक्तिलाई नैतिक चरित्रवान बनाई असत्यमाथि सत्यको जित देखाई व्यक्तिलाई सत्यको पक्षमा रहन आग्रह गर्ने उद्देश्य लिएको हुन्छ । त्यसैले खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाहरूको उद्देश्य यहि प्रकृतिको रहेको छ ।

“सोझो चारेको कथा” मा नैतिक शिक्षा प्रदान गर्नु उद्देश्य रहेको छ भने “हुङ्गीया काठको डुङ्गीया मनचिन्ते काठको वहना” कथामा मनोरञ्जन प्रदान गर्ने उद्देश्य रहेको छ । त्यसैगरी “विक्रमजित राजाको कथा” उपदेशमूलक रहेको छ । उक्त कथामा राजा विक्रमजित प्रजाप्रेमि, जनताको सच्चा सेवक, सबैलाई समान व्यवहार गर्ने भएपनि पूर्व जन्ममा गरेको गल्ति पापले गर्दा पुनर्जन्ममा त्यसको सजाय भोग्नुपर्छ भन्ने देखाई गल्ति वा पाप गर्नु हुन्न भन्ने उपदेश दिएको पाइन्छ । यस्तै “रैछाकुलेको कथा” किराँत समुदायको इतिहास, संस्कृति, परम्परा रितिरिवाजको पहिचान गराई त्यसको संरक्षण र संवर्द्धन गर्न उत्प्रेरित गर्नु यस कथाको उद्देश्य रहेको छ ।

# अध्याय पाँच

# खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाहरूको वर्गीकरण र विश्लेषण

## ५.२ विषय परचय

लोककथा सबै एकै प्रकारका हुँदैनन् । लोककथाका विषयवस्तु र घटनाका आधारमा पौराणिक एवम् धार्मिक लोककथा, सामाजिक लोककथा, साहसिक एवम् बहादुरीको लोककथा, पशुपंक्षीका लोककथा, किम्बदन्ती मूलक लोककथा, प्रेमपरक लोककथा अलौकिक र अदेभूत चरित्रका (श्री राइटर :२६-२७) भनेर  सात प्रकारका लोककथाको वर्गीकरण गरिएको छ । त्यसै गरी लोककथाका अध्येता तुलसी दिवसले लोककथाको वर्गीकरण यसरी गरेका छन् ।

क) सांस्कृतिक ऐतिहासिक लोककथाहरू

ख) अर्ति उपदेशका लोककथाहरू

ग) पशुपंक्षीका लोककथा

घ) मानवका विशेष स्वभाव र प्रकृतिका लोककथाहरू

ङ) अतिमानवीय रूपका लोककथाहरू

च) दैवी लोककथाहरू

छ) फलफूलका लोककथाहरू

ज) धार्मिक लोककथाहरू

झ) साहस तथा बहादुरीका लोककथाहरू

ञ) विविध लोककथाहरू

(भट्टराई : २०५५ :२०)

खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाको अध्ययनको क्रममा उपयुक्त नौ प्रकारको लोककथाहरूको वर्गीकरण र विश्लेषण गरी निम्न प्रकारमा प्रस्तुत गर्न सकिन्छ ।

### ५.२.१ सामाजिक लोककथाको आधारमा वर्गीकरण र विश्लेषण

मानवीय समाजमा घट्नसक्ने घटना भएको कथालाई सामाजिक लोककथा भनिन्छ । पहिले पहिलेका मानछेहरूमा पनि आजका मान्छेहरूका जस्तै गाउँ समाजमा घट्न सक्ने घटनाहरूलाई

समायोजन गरी भनिएको कथाहरूलाई नै सामाजिक लोककथा भनिन्छ । यस अन्तर्गत "सोझो चारेको कथा" यस्तै खालका कथा हो । जुन खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्र र आसपासका गा.वि.स. हरूमा प्रचलित छन् ।

### ५.२.२ साहसिक एवम् बहादुरीका आधारमा वर्गीकरण र विश्लेषण

यस्ता कथाका नायक वीर हुने हुनाले उसले साहसिक रूपमा काम गरेर आफ्नो बहादुरी देखाउँछ । अनेकौं अपत्यारिला र कठिन काम गरेर पुरुषार्थ देखाएका कथाहरू, मनुष्य भईकन पनि वडा वडा दैत्यहरूसँग युद्ध लडी सत्यका जित गराएको हुन्छ । यस अन्तर्गत हुङगीया काठको हुङ्गीया, मनचिन्ते काठको वहना कथामा साहसिक एवम् बहादुरीको प्रर्दशन भएकाले यो कथा यसै श्रेणीमा पर्दछ ।

### ५.२.३ पशुपंक्षीका आधारमा लोककथाको वर्गीकरण र विश्लेषण

नेपाली लोककथामा प्रयुक्त हुने पात्रहरू मानव र मानवेतर दुवै प्रकारका हुन्छन् । खोटाङ समाजमा पनि मानवेतु पात्रका रूपमा पशुपंक्षीलाई मानवीकरण गरी उनीहरूको दुःख सुःख अनेकौं समस्याहरू देखाइएको हुन्छ । उनीहरू यस्ता समस्याहरूमा मानव झैं क्रिया प्रतिक्रिया गर्दछन् । यहाँ सङ्कलित कथामा सुगा र मैनाको कथा यहीँ वर्गमा पर्ने लोककथा हो ।

### ५.२.४ किम्बदन्तीमूलक लोककथाको आधारमा वर्गीकरण र विश्लेषण

खोटाङको दिक्तेल नगरक्षेत्रमा बसोबास गर्ने जनसमुदायमा परापूर्वकालमा दन्त्य कथाहरूमा राजा महाराजा तथा राजकुमारहरूको कथा पाइन्छ । समाजको कथा भन्ने चलन चल्तीमा धेरै पहिले देखि नै भनिदै आएका यस्ता लोककथाहरूलाई किम्बदन्तीमूलक लोककथा भनिन्छ । विक्रमाजित राजाको कथा यहि वर्गमा पर्ने लोककथा हुन् ।

### ५.२.५ प्रेमपरक लोककथाका आधारमा वर्गीकरण र विश्लेषण

प्रेम आजका विश्वका मानवहरूको अभिन्न अङ्ग हो । माया र प्रेमकै कारणले यो संसार बाँधिएको छ । माया र प्रेमकै कारण पंक्षी पनि आफ्नो गुडमा फर्कन्छ भने मानसिमा त झन् माया

र प्रेमको स्थान अग्रपङ्क्तिमा छ । त्यसैले विदेशका अनेकौं सुविधा र रमाइलो छोडेर आफ्नै झुपडीमा फर्कन्छ ।

प्रेम आजको जनसमुदायमा मात्र नभएर वैदिक एवम् पौराणिक युगदेखि रहदै आएको हो भन्ने कुरा पुराण, महाभारत, रामायण जस्ता विभिन्न ग्रन्थहरूबाट बुझ्न सकिन्छ । आजको साहित्यिक कृतिहरूको मुख्य विषयवस्तु नै प्रेमबाट उठान भएर काव्यरूप धारण गरेको पाइन्छ । तसर्थ माया प्रेमले नै यो संसार अडिएको छ । माया र प्रेममा आधारित लोककथाहरू जनसाधारणमा प्रचलित छन् । खोटाङमा प्रचलित प्रेममा आधारित लोककथाहरूमध्ये "नल दमयन्तिको कथा" यस अध्ययनमा सङ्कलन गरिएको छ ।

### ५.२.६ भूतप्रेतको लोककथाका आधारमा वर्गीकरण र विश्लेषण

भूतप्रेतको कथालाई अतिमानवीय कथाका रूपमा पनि चिनिन्छ । मानिसले गर्न नसक्ने असम्भव कार्य सहजै यस्ता पात्रहरूले गरेर देखाउने भूतप्रेतका कथाहरू ज्नमानसमा लोककथा बनेर रहेको पाइन्छ । यस्ता लोककथाहरूमा भूतप्रेतले रूप परिवर्तन गरेर आफ्नो अतृप्त आत्मालाई मान्छेसँगको सामीप्यतामा तृप्त गर्नु अतिमानवीय कार्यहरू हुन् । यस्ता लोककथाहरूले जनमानसलाई उपदेश दिनका साथै मनोरञ्जन प्रदान गर्नु मुख्य उद्देश्य रहेको हुन्छ । 'भूतको कथा' खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित प्रतिनिधिमूलक लोककथाको रूपमा रहेको छ ।

### ५.२.७ पौराणिक एवम् धार्मिक लोककथाको आधारमा वर्गीकरण र विश्लेषण

लोककथामा प्रयुक्त पात्रहरू पुराण, महाभारत, रामायण तथा हिन्दु, बौद्ध एवम् किँरात धर्मका प्राचीन ग्रन्थमा वर्णित पात्रहरूसँग सम्बन्धित लोककथाहरूलाई यस वर्गमा राखिन्छ । यस्ता कथाका पात्रहरू सँधै सत्यको पक्षमा रहि असत्यको अन्त्य गर्न सफल रहन्छन् । यस्ता कथाहरूले असत्य धेरै नटिक्ने देखाई सर्वसाधारणहरूमा सत्य पक्षको भावना जगाई समाजमा नैतिक र मानवीय चेतना भर्ने काम गर्दछन् ।

खोटाङ जिल्लको दिक्तेल नगरक्षेत्रमा प्रचलनमा रहेका कथाहरूमध्येबाट "पाँच पाण्डवको स्वर्गारोहण" लोककथालाई समेटिएको छ ।

### ५.२.८ अलौकि र अद्भूत चरित्रका आधारमा वर्गीकरण र विश्लेषण

लोककथाहरूमा आजको समाजमा घट्न सक्ने घटना भन्दा बिल्कुलै फरक समाजमा पुरै असम्भव अपत्यारिला र काल्पनिक घटनालाई अद्भुत चरित्र र अलौकिक पात्रद्वारा पूर्ण गराई कथानाकलाई रोमाञ्चक बनाइन्छ । यस्ता कथाहरूले खराब पक्षको हार र असल पक्षको जित देखाई समाजमा असल व्यक्तिको स्थापना गर्नु यस्ता कथाको मुख्य उद्देश्य हो । खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित कथाहरू मध्ये "रैछाकुलेको कथा" प्रतिनिधि कथाको रूपमा रहेको छ ।

### ५.२.९ मानव र पशुपंक्षी सम्मिलित लोककथाका आधारमा वर्गीकरण र विश्लेषण

लोककथा मानव र मानवेतर दुवै खालका पात्रहरूलाई समायोजन गरेर भनिएका लोककथाहरू यस वर्गमा पर्दछन् । मानवेत्तर पात्रहरू पनि मान्छे भैँ बोलचाल र व्यवहार गर्दछन् । यस्ता कथाहरूले मानवहरूमा सत्यता हराउँदै गएको र पशुपंक्षीहरूमा सत्यता रहेको र पशुपंक्षीबाट राम्रा पक्षहरूको अनुसरण गर्नुपर्ने पाठ सिकाउँछ । खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित "राजा र जुरेलीको कथा" यस्तै प्रकारको कथा हो ।

# अध्याय छ

## निष्कर्ष

नेपालको पूर्वाञ्चल विकासक्षेत्रको सगरमाथा अञ्चलमा पर्ने खोटाङ जिल्ला हो । यस जिल्लालाई पहिले दुर्गम जिल्ला भनेर चिनिन्थ्यो तर आज आएर विकासको गतिमा धेरै फड्को मारिसकेको छ । विद्युत, खानेपानी, यातायातको सुविधाले खोटाङ अब सुगम बन्न पुगेको छ । राजधानीसँग कच्ची सडक भएपनि जोडीसकेको छ । तथा तराईसँग पनि हातेमालो गरिसकेको छ । शिक्षा, स्वास्थ्य, सङ्गीत साहित्य आदि क्षेत्रमा हेर्ने हो भने खोटाङ निकै अगाडि देखिन्छ । प्राकृतिक स्रोत साधन विभिन्न रमणीय क्षेत्र तीर्थस्थलले गर्दा खोटाङ जिल्लाको भविष्य अझ सुन्दर छ ।

खोटाङ जिल्ला लोकसाहित्यको दृष्टिले हेर्ने हो भने निकै अगाडि देखिन्छ । अझ लोकगीत, लोकगाथा, लोककथा आदिमा खोटाङगेहरूको लोक ढुकढुकीमा बसिरहकै छन् । वनपाखामा गोठालेहरूले मुक्त कण्ठले गाउने लोकगीत असारमा धान रोप्ने रोपाहारहरू, घाँसे दाउरेहरू तथा भरियाहरू आफ्नो मनको पीडालाई ओकल्न विभिन्न समयमा समयलाई कटाउन लोककथा, लोकगीत आदि सुन्ने सुनाउने गरिन्छ । प्रस्तुत अध्ययन प्रचलित लोककथाहरूको सङ्कलन, अध्ययन र वर्गीकरण विश्लेषण रहेको छ । यसरी सबै क्षेत्रबाट लोकसाहित्यको खोज अध्ययन अनुसन्धान भएमा नेपालको अमूल्य रूपमा रहेको लोकसाहित्य र यसका महत्त्वपूर्ण रूपमा रहेको लोककथा पुन : जागृत हुनेछ भन्ने अनुमान स्वरूप यसको अध्ययन अनुसन्धान आवश्यक रहने छ ।

प्रस्तुत अध्ययनपत्र खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन अध्ययन र वर्गीकरणमा अध्याय एकदेखि अध्याय पाँचसम्ममा संरचित गरिएको छ । अध्याय एकमा शोध परिचय रहेको छ । यस अन्तर्गत शोधकार्य पूरा गर्नका लागि शोध प्रस्तावको भाग रहेको छ । दोस्रो अध्यायमा लोक साहित्यको परिचय र त्यसभित्र लोककथाको परिचय परिभाषा, लोककथाका तत्त्वहरू र लोककथाका प्रकारहरू रहेको छ । यस अध्यायमा लोकसाहित्यभित्र पर्ने विधा लोककथा विधा आदिम मानिसहरूको कल्पनात्मक भावविन्यास हुन् । लोककथामा लौकिक-अलौकिक, सम्भव-असम्भव कुनैको सीमा नभई सबैको साधारणीकरणद्वारा रसात्मक अनुभुति गराउने रोचक र श्रुतिमधुर, सरल र सहज रूपमा उपदेश दिने कथा भनेर परिचय गराइएको छ । यसै अध्यायमा लोककथाको परिभाषा दिने क्रममा विभिन्न साहित्यकारहरूले आ-आफ्नै शैलीमा परिभाषित गरेका छन् ।

अध्याय तीनमा खोटाङ जिल्लाको संक्षिप्त परिचय, खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रको परिचय साथै यहाँ प्रचलित ९ ओटा कथाहरूको सङ्कलन रहेको छ । यी ९ ओटै लोककथाहरू विभिन्न वर्गभित्र पर्ने भएकाले यस अध्ययन पत्रमा सङ्कलित छन् ।

अध्याय चारमा खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाहरूको अध्ययन गर्ने क्रममा कथाको विषय, परिचय र कथामा हुनुपर्ने कथातत्त्वका आधारमा कथानक, चरित्र, परिवेश, भाषाशैली र उद्देश्य गरी पाँच तत्त्वको विवेचना गरिएको छ ।

अध्याय पाँचमा खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाहरूलाई वर्गीकरण र विश्लेषण गरिएको छ ।

लोककथाको विषयमा लोककथा अध्येता तथा विभिन्न अध्ययनकर्ताबाट प्रयास भइरहेको अवस्थामा त्यस्ता कार्यहरूले आफ्नै क्षेत्रको लोकसाहित्यलाई ब्युझाउने जमर्को गरेको पाइन्छ । लोककथाको अध्ययन र सङ्कलन पश्चात लोककथाको सुक्न लागेको घाँटीमा जल सिंचित भई चलमलाएको छ । यसरी नै सबै क्षेत्रहरूबाट लोकसाहित्यको खोज र अध्ययन अनुसन्धान भएमा नेपालको अमूल्य रूपमा रहेको लोकसाहितय र यसका महत्त्वपूर्ण विधाको रूपमा रहेको लोककथापुनः जागृत हुनेछ भन्ने अनुमान यस अध्ययनबाट पुष्टि हुन्छ ।

अग्रज लोकसाहित्यको अध्येता पूर्व शोधार्थीहरूले जे-जति अध्ययन अनुसन्धान गर्नु भएको छ । त्यसमा उहाँहरूको अध्ययन अनुसन्धानले नेपाली लोक साहित्यको क्षेत्रलाई मलजल प्रदान गरेको छ । खोटाङ जिल्लाको दिक्तेल नगरक्षेत्रमा प्रचलित लोककथाहरूको सङ्कलन, अध्ययन र वर्गीकरण शीर्षकको यस अध्ययन पत्रले थप उर्जा प्रदान गर्नेछ । तथा पछिल्ला समयमा हुनसक्ने लोकसाहित्यसँग सम्बन्धित अध्ययनहरूको सहायक सामग्री बन्दै समग्र लोकसाहित्यलाई पुनः ब्युझाउने छ ।

## सन्दर्भग्रन्थ सूची


अधिकारी, शिवहरि (२०६२), *मोती र गुलाब,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

अवस्थी, महादेव (२०६०), *मेरो गाउँको कथा,* काठमाडौं : एपोलो अपसेट प्रेस ।

कर्मा, लिलासिंह (२०६०), *हाम्रो लोककथा,* ललितपूर : साझा प्रकाशन ।

कोइराला, शम्भु प्रसाद (२०५५), *लोक साहित्य सिद्धान्त र विश्लेषण,* विराटनगर : धरणिधर पुस्तक प्रतिष्ठान ।

गिरी, जीवेन्द्रदेव (२०५७), *लोक साहित्यको अवलोकन,* काठमाडौं : एकता प्रकाशन ।

थापा, मोहन हिमांशु (२०४७), *साहित्य परिचय,* काठमाडौं : साझा प्रकाशन ।

थुलुङ , चमा (२०६८), *तोयामा खियामा,* काठमाडौं : धनध्वज राई ।

थ्री स्टार, ( ), *लोकसाहित्य पूर्व आधुनिक लोकसाहित्य र आधुनिक निबन्ध,* अनामनगर : अक्सफोर्ड इन्टरनेश्नल पब्लिकेशन प्रा. लि ।

दिवश, तुलसी (२०३२), नेपाली लोककथा, काठमाडौं : ने. प्र. ।

- - - (२०३५), नेपाली लोकसंस्कृति, सं. गोष्ठि, काठमाडौं : ने. रा. प्र. प्र ।

पराजुली, कृष्णप्रसाद (२०६२), *चारचङ्गेरी,* काठमाडौं : रत्नपुस्तक भण्डार ।

वतासा, निराजन (२०६७), खोक्चीलिपा, काठमाडौं : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

बन्धु, चुडामणी (२०५८), *नेपाली लोकसाहित्य,* काठमाडौं : एकता बुक्स ।

भट्टराई, घटराज (२०५५), नेपाली सासहत्यको ऐतिहासिक रूपरेखा, चावहिल : सृष्टि प्रकाशन ।

शर्मा, मोहनराज र लुँइटेल खगेन्द्रप्रसाद (२०६३), *लोकवार्ताविज्ञान र लोकसाहित्य,* काठमाडौं : विद्यार्थी पुस्तकभण्डार ।

शर्मा, वसन्तकुमार नेपाल (२०५८), *नेपाली शब्दसागर,* बागबजार : कञ्चन प्रिन्टीङ् प्रेस ।

सापकोटा, माधवप्रसाद (२०६६), *लोकसाहित्यको परिचय र समाज शास्त्रीय अध्ययन,* काठमाडौं : सुजता प्रकाशन ।

सुवेदी, केशव (२०५५), *नेपाली साहित्यको अध्ययन प्रतिवेदन,* काठमाडौं : ने. सं. वि. ।

सुवेदी, धनप्रसाद (२०६६), *खोटाङ जिल्ला विगत र वर्तमान,* काठमाडौं : रावासावा प्राज्ञिक समाज ।